
साउन - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २३, अङ्क ८ | २०७१, साउन १६-३१ | पूर्णाङ्क ५३० |
|---|---|---|


प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य
नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एशोसिएशन - सदस्य
अधिवक्ता श्री अरविन्द कुमार सिंह, प्रतिनिधि, सर्वोच्च अदालत बार एशोसिएशन - सदस्य
निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य
सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुरप्रसाद सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त | २ |
| इजलास नं. १ | १ |
| इजलास नं. २ | ११ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | २४ |
| रीत/बेरीत आदेश | ४ |
| अन्तरिम आदेश | ३ |
| जम्मा | ५२ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७१, असार – २, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र. सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१-२** |
| १. | जबर्जस्ती करणी | नेपाल सरकार वि. अतिराम चौधरी | |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिनेश यादव | |
| **इजलास नं. १** | | | **२-३** |
| ३. | उत्प्रेषण परमादेश | शोभनदेव पन्त वि. मालपोत कार्यालय, चाबहिलसमेत | |
| **इजलास नं. २** | | | **३-७** |
| ४. | लेनदेन | नरहाङ राई वि. उर्मीला राई | |
| ५. | लुटपीट | घनश्याम लिंथेप वि. तुलाराम लिंथेप | |
| ६. | कुटपीट अङ्गभङ्ग | नेपाल सरकार वि. जीवछ यादवसमेत | |
| ७. | लेनदेन | रामनारायण नायक वि. किशोरी महतो | |
| ८. | सवारी ज्यान | नेपाल सरकार वि. प्रेमबहादुर बुढा | |
| ९. | लेनदेन | बेचन ठाकुर वडही वि. जयनारायण यादव | |
| १०. | निषेधाज्ञा | रमेश बरूवाल वि. सूर्यबहादुर रोक्का | |
| ११. | उत्प्रेषण परमादेश | सुसन श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १२. | बन्दी प्रत्यक्षीकरण | दिनेश भन्ने भीमलाल श्रेष्ठ वि. कारागार कार्यालय, जगन्नाथ देवल, त्रिपुरेश्वर, काठमाडौंसमेत | |
| **इजलास नं. ३** | | | **८-९** |
| १३. | उत्प्रेषण परमादेश | विजुलीनाथ योगी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. साम्बा तामाङ | |
| **इजलास नं. ४** | | | **९-१२** |
| १५. | वन पैदावार चोरी निकासी | सरोजकुमार झा वि. नेपाल सरकार | |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सहवीर रानासमेत | |
| १७. | उत्प्रेषण | उदयनारायण सिग्देल वि. सामान्य प्रशासन मन्त्रालयसमेत | |
| १८. | कर्तव्य ज्यान | लक्ष्मी थारू वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| १९. | बाली दिलाई मोही निष्काशन | जतनदेवी चौडरिया वि. मेथर चौधरी |
| **इजलास नं. ५** | | १२-२४ |
| २०. | उत्प्रेषण | निलहरी काफ्ले वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत |
| २१. | उत्प्रेषण | गोविन्द मण्डल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| २२. | उत्प्रेषण | सीमा सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २३. | निषेधाज्ञा | महेशप्रसाद सिंह वि. हीरानाथ महर्जनसमेत |
| २४. | साधारण चोरी | नेपाल सरकार वि. विश्वास मल्लसमेत |
| २५. | लेनदेन | मानबहादुर चन्द वि. अजबहादुर शाही |
| २६. | परमादेश | लालदेव यादव वि. जिल्ला प्रहरी कार्यालय, सप्तरी राजविराजसमेत |
| २७. | चोरी | नेपाल सरकार वि. महेश चौधरी |
| २८. | परमादेश | बसबिट्टी गा.वि.स.को कार्यालयसमेत वि. सकुर मियाँसमेत |
| २९. | निषेधाज्ञा | श्यामा पाठक वि. रामबाबु मण्डल धानुकसमेत |
| ३०. | उत्प्रेषण परमादेश | जायश्वर लम्साल वि. हिमाल उच्च मा.वि. खुर्कोट, पर्वतसमेत |
| ३१. | निषेधाज्ञा | राजकिशोर चौधरी वि. पानवती साह सुडीसमेत |
| ३२. | निषेधाज्ञा | रामदुलार यादवसमेत वि. रामविलास यादवसमेत |
| ३३. | परमादेश | राजेश्वर मण्डलसमेत वि. जनता माध्यमिक विद्यालयसमेत |
| ३४. | कर्तव्य ज्यान | विनोद साहू वि. नेपाल सरकार |
| ३५. | कर्तव्य ज्यान | मङ्गलसिंह मादेन वि. नेपाल सरकार |
| ३६. | कर्तव्य ज्यान | सुकमाया बि.क. वि. नेपाल सरकार |
| ३७. | कर्तव्य ज्यान | पाडा भन्ने मेहेरमान गणेश वि. नेपाल सरकार |
| ३८. | कर्तव्य ज्यान | सेती भन्ने मनकुमारी सार्की वि. नेपाल सरकार |
| ३९. | कुटपीट | अशोक हजारा दुसाद वि. महमद इसलाम भन्ने इसलाम देवानसमेत |
| ४०. | जीउँदो बालिका फाली ज्यान मारेको | कमला कुमाल वि. नेपाल सरकार |
| ४१. | कर्तव्य ज्यान | वीरबहादुर तामाङ वि. नेपाल सरकार |
| ४२. | कर्तव्य ज्यान | इन्दिरा परियार वि. नेपाल सरकार |

| रीत/बेरीत आदेश | | | २४-२७ |
|---|---|---|---|
| ४३. | कर्तव्य ज्यान | जयबहादुर शाहीसमेत वि. नेपाल सरकार | |
| ४४. | ज्यान मार्ने उद्योग | धनबहादुर मादेनसमेत वि. नेपाल सरकार | |
| ४५. | बैङ्किङ कसूर | दीपेन्द्र कार्कीसमेत वि. नेपाल सरकार | |
| ४६. | ज्यान मार्ने उद्योग | संजय बानिया वि. नेपाल सरकार | |

| अन्तरिम आदेश | | | २७-२८ |
|---|---|---|---|
| ४७. | उत्प्रेषण | हरिप्रसाद पाण्डे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४८. | उत्प्रेषण | पदमबहादुर श्रेष्ठ वि. काठमाडौं महानगरपालिकाको कार्यालय, बागदरबारसमेत | |
| ४९. | उत्प्रेषण | वीरेन्द्र राउत वि. जिल्ला विकास समितिको कार्यालय, बारासमेत | |
| अदालत गतिविधि | | | २९-३६ |

## सर्वोच्च अदालतका नियमित प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

| | |
|---|---|
| भाग १ : | संवैधानिक कानून |
| भाग २ : | सार्वजनिक सरोकार |
| भाग ३ : | मानव अधिकार तथा लैङ्गिक न्याय |
| भाग ४ : | देवानी कानूनः सम्पत्ति |
| भाग ५ : | देवानी कानूनः पारिवारिक |
| भाग ६ : | फौजदारी कानूनः सरकार वादी |
| भाग ७ : | फौजदारी कानूनः दुनिया वादी |
| भाग ८ : | कार्यविधि कानूनः देवानी |
| भाग ९ : | कार्यविधि कानूनः फौजदारी |
| भाग १० : | उद्योग, वाणिज्य र कर |
| भाग ११ : | राष्ट्रसेवक कर्मचारी |

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)
    - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
    - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
    - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
    - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
    - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)
- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-RC-००४७, जबर्जस्ती करणी, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अतिराम चौधरी*

प्रतिवादीले अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रहे पनि निजउपर मृतककी आमा रामकली चौधरीले दिएको किटानी जाहेरीमा छोरी आँगनमा खेल्दै गरेको अवस्थामा प्रतिवादी अतिराम चौधरीले खेल्न जाउँ भनी फकाइ लगेको र राती अबेरसम्म पनि छोरी घरमा नआई भोलिपल्ट आफ्नै गोठमा छोरीको योनी रगताम्मै र च्यातिएको तथा घाँटीमा नीलडाम भई मृत अवस्थामा फेला परेको भन्ने उल्लेख भएको देखिन्छ । जाहेरवालीले सोही व्यहोरा अनुसन्धानको क्रममा कागज गर्दा पनि उल्लेख गरी अनुसन्धानको क्रममा गरेको कागज र जाहेरी व्यहोरालाई समर्थन हुने गरी अदालतमा समेत बकपत्र गरेको देखिन्छ । प्रतिवादीले मौकामा गरेको बयानलाई जाहेरी दरखास्तको व्यहोरा, लासजाँच मुचुल्का, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको प्रतिवेदन र वादीको साक्षीको बकपत्रसमेतले पुष्टि गरेको देखिन्छ । प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानलाई पुष्टि हुने कुनै आधार प्रमाण मिसिलमा रहेको देखिएन । उल्लिखित अवस्थामा प्रतिवादीलाई कसूरदार ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा प्रतिवादीको मौकाको साबिती बयान, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायतका प्रमाणका आधारमा प्रतिवादी अतिराम चौधरीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।११।१ को फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल कात्तिक १५ गते रोज ६ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-०११७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिनेश यादव*

वारदात देख्ने भनिएकी जाहेरवाली फूलोदेवीले जाहेरीमा यी प्रतिवादी दिनेश यादवले तेतर यादवको छातिमा कट्टुवा पेस्तोलले गोली प्रहार गरेको र उपचारको क्रममा ल्याउँदाल्याउँदै मृत्यु भएको भनी जाहेरी दिई सोहीअनुरूप अदालतमा आई बकपत्रसमेत गरेको देखिन्छ । घाइते रामनारायणको घाजाँच केश फाराम तथा मृतक तेतर यादवको शव परीक्षण प्रतिवेदन, बरामदी तथा लास जाँच मुचुल्कासमेतबाट जाहेरवालाको उल्लिखित बकपत्र व्यहोरा अन्यथा रहेछ भन्ने अवस्था नदेखिँदा यी प्रतिवादीले नै दुबैजनाउपर गोली प्रहार गरेको अवस्था प्रमाणित भैरहेको मान्नुपर्ने ।

तेतर यादवलाई हरिचरण र वीरेन्द्रले गोली प्रहार गरेको भनी अनुसन्धानमा बयान

गर्दा दिनेश यादवले पोल गरे पनि मौकामा वारदात देख्ने फूलोदेवी र सतनीदेवीको बकपत्र व्यहोराले सो तथ्य पुष्टि नभै यिनै प्रतिवादी दिनेश यादवले नै प्रहार गरेको गोलीको चोटबाट तेतर यादवको मृत्यु भएको अवस्था पुष्टि भैरहेको र निज प्रतिवादीले आफ्नो निर्दोषिता प्रमाणित गर्ने वस्तुनिष्ठ प्रमाण पेश गर्न नसकेको समेतका आधारमा निजले अदालतमा गरेको इन्कारीकै भरमा मात्र निज निर्दोष रहेको भनी मान्न नमिल्ने ।

प्रतिवादीउपर परेको किटानी जाहेरी दरखास्त, अनुसन्धान अधिकारीसमक्ष आरोपित कसूरमा साबित रहेको अवस्था, मौकाको कागज, शव परीक्षण प्रतिवेदन, बरामदी मुचुल्कालगायतका अन्य प्रमाणबाट तेतर यादवको मृत्यु प्रतिवादी दिनेश यादवले चलाएको पेस्तोलको चोटबाट भएको देखिँदा प्रतिवादी दिनेश यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुनसरी जिल्ला अदालतको मिति २०६७।९।२१ को फैसला सदर गरी साधक जाहेर गरी प्रतिवादी दिनेश यादव वारदातका बखत १६ वर्षभन्दा कम उमेरको देखिई निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा अर्थात् १० (दश) वर्ष कैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।२।२४ फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

इति संवत् २०७० साल भदौ ७ गते रोज ६ शुभम् ।

## इजलास नं. १

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०६६-WO-११४६, उत्प्रेषण/परमादेश, *काठमाडौं जिल्ला, काठमाडौं नगरपालिका वडा नं. १ स्थित लुम्बिनी बैंङ्क लिमिटेडको तर्फबाट अख्तियारप्राप्त प्रमुख कार्यकारी अधिकृत शोभनदेव पन्त वि. मालपोत कार्यालय, चाबहिल काठमाडौंसमेत*

एउटा प्रयोजनका लागि रोक्का राखिएको सम्पत्ति सो प्रयोजन समाप्त नभई अर्काको प्रयोजनका लागि पुनः रोक्का राख्दा पहिले रोक्का राखिएको प्रयोजन नै निरर्थक वा प्रयोजनहीन हुने गरी दोहोरो रोक्का राख्न नहुने ।

निवेदक बैङ्कले बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(४) बमोजिम लिलाम सकार गर्ने सुनिलभक्त श्रेष्ठका नाउँमा दाखेल खारेज गरिदिन लेखी पठाई सकेपछि दाखिल खारेज गर्ने अधिकारप्राप्त निकाय मालपोत कार्यालय, चाबहिलले दफा ५७(५) बमोजिम दाखिल खारेज गर्नुपर्ने हुन्छ । तर सोबमोजिम नगरी मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको मिति २०६६।९।१४ को पत्रानुसार रोक्का रहेको भनी लिलाम सकार गर्ने व्यक्ति सुनिलभक्त श्रेष्ठका नाउँमा दाखिल खारेज गर्न इन्कार गर्ने विपक्षी मालपोत कार्यालय, चाबहिलको कार्य मालपोत ऐन, २०३४ तथा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अनुकूल नदेखिने ।

निवेदक बैङ्कबाट विपक्षी विद्यालयले

लिएको कर्जा भाखाभित्र नतिरेकोले बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम लिलाम बिक्री गर्दा सबैभन्दा बढी रकम कबुल गर्ने सुनिलभक्त श्रेष्ठका नाउँमा दाखिल खारेज गर्न मालपोत कार्यालय, चाबहिलमा पठाएकोमा विपक्षी मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको मिति २०६६।९।१४ को पत्रबाट रोक्का रहेको भनी दाखिल खारेज गर्न इन्कार गरेको मालपोत कार्यालय, चाबहिलको काम कारवाही कानूनअनुकूल नहुनुका साथै उक्त लिलामसम्बन्धी कार्यबाट विपक्षी ऋणी विद्यालयको हक हितमा पनि कुनै प्रतिकूल असर पर्ने नदेखिएको समेतका आधार कारणहरूबाट दोहोरो रोक्का राख्न पठाउने मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको मिति २०६६।९।१४ को पत्र र सोसँग सम्बन्धित काम कारवाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । विपक्षी विद्यालयले निवेदक बैङ्कबाट तथा डि.सि.बि.एल. बाट लिएको कर्जाको साँवा ब्याजसमेत तिर्न पुग्ने अवस्था हुँदा मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको पत्रबमोजिम रोक्का राखिएको जग्गा फुकुवा गरी निवेदक बैङ्कको पत्रानुसार रोक्का रहेको जग्गा निवेदकले दाखिल खारेज गर्न पठाएबमोजिम सुनिलभक्त श्रेष्ठका नाउँमा दाखिल खारेज गरी दिनु भनी विपक्षी मालपोत कार्यालय, चाबहिलसमेतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल वैशाख २१ गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-CI-०७९८, लेनदेन, *नरहाङ राई वि. उर्मीला राई*

पुनरावेदक प्रतिवादीले मिति २०६३।१०।४ को लिखत आफूले तयार नगरेको भनी जिकीर लिए पनि उक्त विवादित लिखतमा लागेको ल्याप्चे र निजको नमूना लिइएका ल्याप्चेसँग समानता रहेको भन्ने देखिइरहेको अवस्थामा निजले इन्कार गर्दैमा सो लिखतमा लागेको ल्याप्चे निजको होइन भनी मान्न मिल्ने भएन । तसर्थ लिखतबमोजिमको रू. ८,००,०००।- साँवा प्रतिवादीबाट वादीले भराई लिन पाउने ।

लिखतसम्म जालसाज भनी बयान गरेको तर अन्य केही लाभ वा फाइदा हासिल नगरेको अवस्थामा विधायिकी प्रावधानअनुरूपकै जरीवाना असूल गर्दा यसले जरीवाना तोक्ने र जरीवाना असूल गर्नसक्ने तजबिजी अधिकारको दुरूपयोग हुनसक्ने हुन्छ । यस्तोतर्फ न्यायकर्ता सजग हुनुपर्ने ।

प्रतिवादीलाई न्यून सजाय गर्दा पनि दण्डसजायको महलको १८ नम्बरको विधायिकी मनसाय पूरा हुने अवस्था हुँदा तजबिजीस्वरूप रू. २०,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CR-०७८७, लुटपीट, *घनश्याम लिंथेप वि. तुलाराम लिंथेप*

वादीले आफूले लुटपीटको दावी लिई अदालतसमक्ष उपस्थित भै मुद्दाको कारवाहीमा रहेको अवस्थामा पछि अदालतको आदेशानुसार तोकिएको मितिको पेशी तारिख नै गुजारी बसेको र थाम्ने थमाउने म्यादसमेत भुक्तान गरिसकेको अवस्थामा उल्लिखित कानूनी व्यवस्थाको अधीनमा रही न्याय सम्पादन गर्ने अधिकारीले फैसला गर्नसक्ने नै देखिँदा सुरू संखुवासभा जिल्ला अदालतबाट भएको डिसमिस फैसला र सो फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला कानूनसङ्गत देखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६८-CR-०७८६, लुटपीट, *घनश्याम लिंथेप वि. तुलाराम लिंथेप* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CR-०००७, कुटपीट अङ्गभङ्ग, *नेपाल सरकार वि. जीवछ यादवसमेत*

मुलुकी ऐन, कुटपीटको महलको २ नं. मा मेरूदण्ड, डडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा समेत अङ्गभङ्ग हुने उल्लेख गरेको देखिन्छ । तर बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको पत्र व्यहोराबाट पीडितको खुट्टा अङ्गभङ्ग काम नलागी बेकम्मा नै भएको भन्नेसमेत देखिन नआएको र उक्त रिपोर्टमा उल्लेख भएबमोजिम निजको खुट्टा सहाराबिना नै हिँडडुल गर्नसक्ने भन्ने देखिँदा नेपाल सरकारले पुनरावेदन जिकीरमा दावी गरेजस्तो कुटपीटको महलको २ नं. अन्तर्गत अङ्गभङ्ग भएको भनी मान्न नमिल्ने ।

सुरू महोत्तरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रस्तुत मुद्दाबाट सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम पीडित सरोकारवाला पक्षलाई झिकाई निजले मुद्दा सकार गरेमा वादी पक्ष कायम गरी साधारण कुटपीटतर्फ परिणत गरी कारवाही किनारा गर्न महोत्तरी जिल्ला अदालतमा पठाई दिनु भनी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।८।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०७८३, लेनदेन, *रामनारायण नायक वि. किशोरी महतो*

लिखत कपालीमा परिणत भै वादीले साँवाको रकम रू.२,६०,०००।- र रजिस्ट्रेसनवापतको रू.२,०८०।- समेत चलितर साहबाट पाउनेमा निज मरी निजको अपुताली खाने यी पुनरावेदक प्रतिवादी रामनारायण नायकसमेतले व्यहोर्नुपर्ने देखिँदा सुरू महोत्तरी जिल्ला अदालतबाट मन्जुकुमारी सुडिनले मात्र

उक्त दायित्व व्यहोर्ने ठहर्‍याई भएको सुरूको फैसला उल्टी गरी पुनरावेदक रामनारायण नायक तथा प्रतिवादीद्वय मन्जुकुमारी सुडिन र राजनारायण नायकसमेतबाट वादी किशोरी साहले दावीको लिखतबमोजिमको रकम र रजिस्ट्रेसन दस्तूर रू. २,०८०।- समेत भरिपाउने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।११।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CR-१२८३, सवारी ज्यान, *नेपाल सरकार वि. प्रेमबहादुर बुढा*

प्रत्यर्थी प्रेमबहादुर बुढाले चलाएको ना.३ख. ३३२३ को रोकिराखेको ट्रक स्टार्ट गरी साइड ग्लास हेर्दै गाडी ब्याक गरेको अवस्थामा प्रस्तुत वारदात भै नैनसरा बुढाको घटनास्थलमै मृत्यु भएको देखिँदा निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ११६(३) बमोजिम ६ महिना कैद र रू.२,०००।- जरीवाना गर्ने गरी भएको सुरू सुर्खेत जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६८।२।२९ मा भएको फैसलामा कानूनी त्रुटीको विद्यमानता देखिन आएन । अतः सो फैसलामा परिवर्तन गर्न नपरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसला सदर हुन्छ । वादी नेपाल सरकारको अभियोग दावीबमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-१०९९, लेनदेन, *बेचन ठाकुर वडही वि. जयनारायण यादव*

मिति २०५३।४।१५ को लिखत व्यहोरा हेर्दा रू.९०,०००।- कर्जा लेनदेन भएको र २०५३ माघ मसान्तसम्मको भाखा राखेको देखिन्छ । लिखतका बारेमा प्रतिवादीले सो लिखतमा लागेको सहीछाप आफ्नो नभएको भनेका छन् । तर यस अदालतबाट भएको आदेशबमोजिम लिखत जाँच गरेका लेखा तथा रेखा विशेषज्ञको परी क्षण प्रतिवेदनको विशेषज्ञको रायमा कपाली तमसुकको कारणीको ल्याप्चेछापको जात र रेखाका गुणहरूसँग अदालतबाट लिएका नमूना ल्याप्चे छापको जात र रेखाका गुणहरू आपसमा भिडी मिलेको, तमसुकको हस्ताक्षर सही र नमूना हस्ताक्षर सहीको लेखन गुण र मूल स्वभाव भिडी मिलेको भन्ने राय लेखिएको र निजको यस अदालतसमक्ष भएको निजको बकपत्र व्यहोरासमेतबाट वादी र प्रतिवादीका बीच तयार भएको उक्त लिखतमा भएको सहीछाप यी पुनरावेदक प्रतिवादीकै रहे भएको पुष्टि भएको यस्तो अवस्थामा यी प्रतिवादीबाट प्रत्यर्थी वादीले दावीबमोजिमको रकम र सोको कसूरबमोजिमको ब्याज भरी लिन पाउने नै देखिँदा दावीबमोजिमको रकम

र सोको ब्याजसमेत वादीले प्रतिवादीबाट भराई पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-CI-०३३७, ०३३८, ०३३९, ०३४०, ०३४१, निषेधाज्ञा, *रमेश बरुवाल वि. सूर्यबहादुर रोक्का, भीमबहादुर श्रेष्ठ वि. सूर्यबहादुर रोक्का, माधव खत्री वि. सूर्यबहादुर रोक्का, केशरबहादुर खत्री वि. सूर्यबहादुर रोक्का, नवराज खत्री वि. सूर्यबहादुर रोक्का*

निवेदक सूर्यबहादुर रोक्काका नाउँमा जग्गाधनी दर्ता स्रेस्ता रहेको देखिएको कठजोर गाविस वडा नं. ९घ कि.नं. २४३, २४५ २४७ २४९ २५१ २५३ र २५८ समेतका जग्गाहरू अन्यथा प्रमाणित नभएसम्म निजकै निर्विवाद स्वामित्त्व हक रहेको सम्पत्ति मान्नुपर्ने हुँदा निजको सहमति वा मञ्जूरबेगर उक्त सम्पत्तिको भोग चलनमा कुनै पनि तवरबाट हस्तक्षेप बाधा अवरोध गर्न मिल्ने देखिँदैन । यदि सार्वजनिक प्रयोजनको लागि आवश्यक भएमा प्रचलित कानूनबमोजिमको रीत प्रक्रिया पूरा गरी प्राप्त वा प्रयोग गर्न सकिनेबाहेक यी निवेदकको मञ्जूरीबिना प्रचलित रीत प्रक्रिया पूरा नगरी निवेदकको हकभोग दर्ताको जग्गामा गैरकानूनीरूपमा कुनै प्रकारको हस्तक्षेप गर्ने, बाटो खन्नेलगायतका कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी गरिदिएको छ भनी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।१०।२४ मा भएको आदेश मिलेकै देखिँदा सो सदर हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-०९३०, उत्प्रेषण/परमादेश, *सुसन श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६८।१२।२३ को निर्णयानुसार समितिको केन्द्रीय कार्यालय, सागरनाथ वन विकास परियोजना रहेको स्थान सर्लाहीमा रहने गरी निर्णय भएको र वन तथा भू-संरक्षण मन्त्रालय (मन्त्रीस्तर) बाट मिति २०६८।१२।२८ मा समितिको केन्द्रीय कार्यालय, सागरनाथ वन विकास परियोजना रहेको स्थान सर्लाहीमा रहने गरी वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ को दफा १३ संशोधन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पठाई मिति २०६९।१।७ मा मन्त्रिपरिषद्बाट सो प्रस्ताव स्वीकृत भएको अवस्था देखिन्छ । यसरी नेपाल सरकारबाट समितिको केन्द्रीय कार्यालय, सर्लाहीमा रहने गरी निर्णय भएको र सो समितिअन्तर्गत कार्यरत् रहेका कर्मचारीको दरबन्दीसमेत समितिको केन्द्रीय कार्यालय रहने स्थान सर्लाहीमा स्थानान्तरण हुनुले यी निवेदक कर्मचारीहरूको पेशा, रोजगार गर्ने हक वञ्चित भएको अवस्था नहुँदा रिट निवेदन

मागबमोजिमको आदेश जारी गर्नु नपरी प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल फागुन ११ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६८-WO-११५८, उत्प्रेषण/परमादेश, *सुसन श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०७०-WH-००४१, बन्दीप्रत्यक्षीकरण, *दिनेश भन्ने भीमलाल श्रेष्ठ वि. कारागार कार्यालय, जगन्नाथ देवल, त्रिपुरेश्वर काठमाडौंसमेत*

मुलुकी ऐन, दण्डसजायको महलको ४१ नं. ले कैदको सजाय तोकिएकोमा उक्त ४१ नम्बरले व्यवस्था गरेको भए पनि जबर्जस्ती चोरीको कानूनबमोजिम सजाय गर्दा जरीवाना भै सोवापत पनि कैद गर्नुपर्ने व्यवस्थाअनुसार कैद ठेक्दाको विशेष अवस्थालाई उपरोक्त ४१ नम्बरले समेटेको देखिएन । मुलुकी ऐन, चोरीको महलको १४(२) मा भएको कानूनी व्यवस्था हेर्दा जबर्जस्ती चोरी गर्नेलाई यसै महलको १२ नं. बमोजिम सजायको डेढो बढाई सजाय गरी जरीवानावापतसमेत कैद गर्नुपर्छ भन्नेसमेतको व्यवस्था भएको देखिन्छ भने उक्त महलको २७ नं. मा बिगो जरीवाना कैद वा तीनै थोकमा समेत गर्दा पनि चोरीमा आठ वर्ष, नकबजनी वा जबर्जस्ती चोरीमा दश वर्ष, रहजनीमा बाह्र वर्ष, र डाँकामा अठार वर्षदेखि बढी कैद गर्न हुँदैन भनी चोरीको कसूरका हकमा कैद हदको निर्धारणसमेत गरेको देखिन्छ । यसरी मुलुकी ऐन, चोरीको महलको २७ नम्बरले यस सम्बन्धमा छुट्टै हदको व्यवस्थासमेत गरेकोले सो कानूनी व्यवस्थालाई समेत जानाजान अनदेखा गर्न नमिल्ने ।

रिट निवेदकका हकमा सुरू काठमाडौं जिल्ला अदालतमा अभियोग दायर हुँदा जबर्जस्ती करणी उद्योग र जबर्जस्ती चोरी मुद्दाको अभियोग लगाइएको र सो अभियोगसमेतलाई रिट निवेदकले रिट निवेदन व्यहोरामै स्वीकार गरी विपक्षी काठमाडौं जिल्ला अदालतबाट भएको फैसलासमेतलाई स्वीकार गरी फैसला कार्यान्वयनको रोहमा उक्त मुद्दामा भएको कैद तथा सजायको हद गरिपाउन माग गर्दै निजले गरेको मागबमोजिम कैद हक नभएउपर मुख्य चुनौती दिई रिट निवेदन दायर गरेको यस्तो अवस्थामा कानूनले नै कैद हदका सम्बन्धमा छुट्टाछुट्टैरूपमा स्पष्ट व्यवस्था गरेको देखिँदा निवेदकको निवेदन जिकीरमा उल्लेख भएजस्तो मुलुकी ऐन, दण्डसजायको महलको ८, १० र ४१ नम्बरविपरीत भएको भनी सोही निष्कर्षमा पुग्न नमिल्ने हुँदा निवेदकले उठाएको आफ्नो थुना गैरकानूनी थुना मानी बन्दीप्रत्यक्षीकरणको आदेशबाट निजलाई थुनामुक्त गर्न परेन । प्रस्तुत बन्दीप्रत्यक्षीकरण जारी गरिपाउँ भन्ने निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल फागुन १६ गते रोज ६ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WO-०३९४, उत्प्रेषण/परमादेश, *विजुलीनाथ योगी वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत*

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले मेलमिलाप गराउने प्रयोजनका लागि प्रारम्भिक छानबिनको क्रममा विपक्षीलाई झिकाई बयान गराउनसम्म क्षेत्राधिकार तोकेको अवस्थामा त्यस्तो निकायले थप अनुसन्धान गर्नसक्ने वा मुद्दा हेरी निर्णय नै गर्नसक्ने अख्तियारी प्राप्त भएको झैं गरी आफूलाई परेको अन्यायको विषयमा दिएको उजूरी निवेदनमा माग भएकै आधारमा मात्र डी.एन.ए. जस्तो संवेदनशील विषयमा परीक्षण गराउनु भनी गरेको प्रहरी कार्यालयको आदेशबाट नातासम्बन्धी विवादको निरूपण गर्ने अदालतको क्षेत्राधिकारको अतिक्रमण हुनजाने हुँदा त्यस्तो कार्यलाई कानूनसम्मत मान्न नमिल्ने ।

कानूनले अनुसन्धान गर्नसक्ने वा मुद्दा हेरी छिन्नसक्ने भनी निर्धारण गरेको निकायभन्दा फरक प्रहरी कार्यालयले विवादको निरूपणको लागि डि.एन.ए. परीक्षण जस्तो संवेदनशील विषयमा परीक्षण गराउन भनी प्रमाणको मूल्याङ्कन गरी विवादको निरूपण गर्ने अदालतलाई भएको अधिकार प्रयोग गरी प्रहरी निकायले दिएको आदेश र सोसम्बन्धी भए गरेका सम्पूर्ण कामकारवाहीहरू क्षेत्राधिकारको अभावमा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

शाखा अधिकृतः तीर्थ भट्टराई
कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल फागुन ४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-०११९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. साम्बा तामाङ*

मृतकले मर्नुभन्दा अघि नोर्चेल तामाङसमेतसँग इशारा गरी आफूलाई यी प्रतिवादीले भीरबाट घचेटी ढुङ्गाले हानेको भनी बताएको र सो तथ्यलाई नोर्चेल तामाङको कागजबाट पुष्टि भैरहेको देखिन्छ । मृतकको मृत्यु हुनुभन्दा अघि गरिएको घा जाँच केश फारामबाट निजको शरीरमा चोटपटक रहेको भन्ने देखिएको र उक्त चोट आफूले प्रतिवादीलाई भीरबाट धकेल्दा लडेर लागेको हो भनी प्रतिवादीको साबितीसमेतबाट पुष्टि भैरहेको पाइन्छ । यसरी यी प्रतिवादीउपर किटानी जाहेरी परेको, मौकामा कागज गर्ने व्यक्तिहरूले पनि किटानीसाथ यी प्रतिवादीउपर पोल गरी कागज गरिदिएको र सो कागजलाई प्रतिवादीको अनुसन्धानको क्रममा भएको साबितीसमेतबाट पुष्टि भैरहेको देखिँदा प्रतिवादी साम्बा तामाङले कुटपीट गरी भीरबाट धकेलिदिएको कारण मृतक मिङमार दोर्जे तामाङको मृत्यु भएको तथ्य मिसल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू रसुवा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति

२०६९।११।१५ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरेतर्फ विचार गर्दा मृतक र यी प्रतिवादी काका भतिजा नाताका व्यक्ति रहेको, ज्यान मार्नुपर्नेसम्मको पूर्व इबि र कारण नदेखिएको, जोखिमी हतियार प्रयोग भएको पनि नदेखिएको, मादक पदार्थ सेवन गरी झगडा भै वारदात घटेको, अनुसन्धान हुँदा प्रहरीसमक्षको बयानमा प्रतिवादी साबित भै न्यायिक प्रक्रियालाई सहयोग पुर्‍याएको र वारदातको ८० दिनपछि मात्र मृतकको मृत्यु भएको अवस्थासमेतबाट प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिँदा निज प्रतिवादी साम्बा तामाङलाई सुरू जिल्ला अदालतले ८ वर्षमात्र कैद हुने ठहर गरेको रायको हकमा वारदातको प्रक्रियालाई हेर्दा धकेलाधकेल र ढुङ्गासमेतले कुटपीट भएको कारणले मृतकको मृत्यु भएको देखिँदा उक्त सजाय नमिली कैद वर्ष दश गर्दा उपयुक्त हुने देखिएकोले कैद वर्ष १० (दश) हुने ।

शाखा अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल फागुन ९ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको स.फौ.पु.नं. २०६७-CR-०३०३, वन पैदावार चोरी निकासी, *सरोजकुमार झा वि. नेपाल सरकार*

वन ऐन, २०४९ को दफा ४९ हेर्दा "कसैले पनि यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनमा देहायका कामकारवाही गर्न वा गराउन र सो गर्ने गराउने उद्योगसमेत गर्न हुँदैन । यस्तो कुनै कामकारवाही गरेमा कसूर गरेको मानिनेछ" भन्ने कानूनी व्यवस्था र ऐ. दफाकै (घ) मा "उक्त कार्यअन्तर्गत वन क्षेत्रबाट वन पैदावार हटाउन वा ओसारपसार गर्न वा बिक्री वितरण गर्न" भनी त्यस्तो कार्य उल्लेख भएको पाइन्छ । त्यसैगरी उक्त कार्यको दण्डसजायको रूपमा रहेको ऐ. को दफा ५०(१)(घ)(३) मा "दफा ४९ को खण्ड (३)(ङ), (च)(घ) वा (ज) अन्तर्गतको कसूर गर्नेलाई कसूरसँग सम्बन्धित वन पैदावार जफत गरी एकहजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्मको बिगो भए बिगोबमोजिम जरीवाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको हुँदा उक्त कानूनी व्यवस्थाअनुरूप यी पुनरावेदक प्रतिवादी सरोजकुमार झा मूल कसूरदार नभएकोले निजलाई बिगोबमोजिममात्र रू.३०२०।- अक्षरूपी तीन हजार बीस रूपैयाँमात्र जरीवाना गर्दा कसूरअनुसारको सजायको अनुपात मिल्ने नै देखिने र पुनरावेदक प्रतिवादी सरोजकुमार झाले वन ऐन, २०४९ को दफा ४९(घ) को कसूर गरेकोले ऐ. को दफा ५०(१)(घ)(३) निजलाई बिगोबमोजिम रू.३०२०।- (तीन हजार बीस रूपैयाँ) जरीवाना हुने र बरामद काठ जफत हुने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति

२०६६।७।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७० साल माघ १४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-CR-०५००, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सहवीर रानासमेत*

रिसइबि राखी पूर्वयोजना बनाई मृतकलाई योजनाबद्ध तरिकाबाट कुटपीट गरी मृत्यु भएको उल्लेख भएकोमा सो कुरा प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाबमोजिम सो कुरा प्रमाणित गर्ने भार वादी पक्षमा हुने देखिएको हुँदा यी प्रतिवादीहरूले योजनाबद्धरूपमा वारदात गराएको भनी कुनै ठोस प्रमाण गुजार्न नसकेसम्म निजविरूद्ध कसूर स्थापित गर्न नमिल्ने ।

जाहेरवालाले किटानी जाहेरी दिए पनि तत्कालै जाहेरी दरखास्त खण्डन हुने गरी छोरा लडी मरेको भनी निवेदन दिनुको अतिरिक्त अदालतमा बकपत्र गर्दासमेत पर्खालबाट लडेको कुरा भनी सुरू जाहेरीविपरीतको व्यहोरा लेखाएको, प्रतिवादीहरू अनुसन्धानको सिलसिलामा साधारण कुटपीटसम्मको वारदातमा साबित रहे पनि अदालतमा इन्कार रहेका, निजहरूकै कर्तव्यबाट यामबहादुर रानाको मृत्यु भएको हो भन्ने चश्मदीद गवाहको अभाव र प्रतिवादीहरूको मार्ने मनसाय रिसइबि पनि रहे भएको तथ्य नदेखिएको, यस अवस्थामा अनुमान वा अन्दाज गरी ज्यान मार्नुजस्तो गम्भीर अपराधमा सबूद प्रमाणबिना प्रतिवादीहरूलाई कसूरदार ठहर्‍याई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तबाट पनि मिल्ने नदेखिँदा प्रतिवादीहरूलाई सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६६।७।४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः खेमकुमारी बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल माघ १२ गते रोज शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-WO-१०५४, उत्प्रेषण, *उदयनारायण सिग्देल वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

सरूवा गर्ने साधिकार निकाय सामान्य प्रशासन मन्त्रालयले गरेको सरूवा निर्णयानुसार साविक कार्यालयबाट सरूवा भएको कार्यालयमा रमानापत्र लिई हाजीर गर्न गएको अवस्थामा निजामती सेवा नियमावली, २०५० को नियम ३९ मा भएको उल्लिखित कानूनी व्यवस्थाअनुसार दरबन्दी नभएको भन्ने आधारमा साधिकार निकायबाट भएको सरूवा निर्णयलाई नै प्रभावित हुने गरी हाजीर गराउन इन्कार गर्न नमिल्ने ।

निवेदकले साविक कार्यालय जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोकबाट रमानापत्र लिइसकेको र सरूवा भएको कार्यालय मालपोत कार्यालय, कलङ्कीमा दरबन्दी नभएको भन्ने आधारमा हाजीर नगराई हाजीर गराउने कुरामा समस्या देखाई निवेदकलाई २०६९।१।५ को पत्रद्वारा भूमिसुधार तथा व्यवस्थापन विभागमा सम्पर्क राख्न पठाएको मालपोत कार्यालय, कलङ्कीको पत्र एवम् भूमिसुधार तथा व्यवस्थापन विभागले पनि निवेदकलाई पद रिक्त नभएकोले हाजीर गराउन नसकिएकोले सरूवा व्यवस्थापनको लागि २०६९।१।२७ मा सामान्य प्रशासन मन्त्रालयलाई लेखिएको पत्रसमेत निजामती सेवा नियमावली, २०५० को नियम ३९ समेतको विपरीत देखिँदा उक्त पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । साधिकार निकाय सामान्य प्रशासन मन्त्रालयको मिति २०६८।२।१५ को निर्णयानुसार निवेदकलाई सरूवा भएको मालपोत कार्यालय, कलङ्कीमा रमानापत्रानुसार हाजीर गराउनु भनी विपक्षी मालपोत कार्यालय, कलङ्कीको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस २३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-CR-००८८, कर्तव्य ज्यान, लक्ष्मी थारू वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादी लक्ष्मी थारू स्वयम् मौकाको बयान र अदालतसमक्षको बयानमा मृतकलाई हँसियाले हिर्काएको कुरा स्वीकार गरेको, उक्त बरामद भएको हँसिया निजकै ससुराको हो भन्ने कुरासमेत मिसिल संलग्न यी प्रतिवादीको ससुरा बजारू थारूले गरेको सनाखत कागजबाट देखिएको हुँदा मृतक ज्वाला चौधरीको मृत्यु निज लक्ष्मी थरूनीकै कर्तव्यबाट भएको हो भन्ने कुरालाई अन्यथा पुष्टि हुने देखिएन । फौजदारी कानूनमा कुनै पनि कार्य अपराध हुनको लागि मुख्यतया दुई कारक तत्त्व विद्यमान हुनुपर्दछ । प्रथम अपराधिक कार्य (Actus Rea) र दोस्रो अपराधिक मनसाय (Mens Rea) अर्थात् शारीरिक एवम् मानसिक दुबै तत्त्वको आपराधिक क्रियामा विद्यमानता हुनुपर्दछ । यी प्रतिवादी लक्ष्मी थरूनीका पति र मृतककी आमाबीच पहिले अनैतिक सम्बन्ध रहेको र गाउँघरमा छलफल गरेर उक्त विवाद मिलाइएको थियो भन्ने कुरा मिसिल संलग्न कागजातबाट उल्लेख हुनुका अतिरिक्त प्रतिवादी लक्ष्मी थरूनीले समेत मौकाको बयानमा भनेको देखिन्छ । यसरी अघिदेखिको रिसइबि साँध्न प्रतिशोधको भावनाले निजले हँसिया जस्तो जोखिम हतियारले मृतकलाई जङ्गलमा लिएर गई प्रहार गरी बच्चाको हत्या गरेको हुँदा उक्त वारदातमा यी प्रतिवादीको कर्तव्य ज्यानजस्तो जघन्य अपराधमा आवश्यक अपराधिक कार्य (Actus Rea) र अपराधिक मनसाय (Mens Rea) दुबैको अवस्था विद्यमान रहे भएको तथ्य मिसिल संलग्न कागजातबाट पुष्टि भएको देखिँदा प्रतिवादी लक्ष्मी थरूनीलाई सुरू बर्दिया जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित

जन्मकैद हुने ठहर गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।१०।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६७-CI-१५०९, बाली दिलाई मोही निष्काशन, *जतनदेवी चौंडरिया वि. मेथर चौधरी*

२०५२ सालको कुतबाली प्रतिवादीले वादीलाई नबुझाएकोले कुत दिलाई मोही निष्काशन गरिपाउँ भनी मिति २०५२।१२।२५ मा नै मुद्दा दायर भई चलेको प्रस्तुत मुद्दामा सोही समयमा विद्यमान रहेको कानूनको प्रयोग गर्नुपर्दछ । मिति २०५३।९।२४ मा भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनद्वारा थप भएको २६(ख) को कानूनी व्यवस्था भन्दा पहिल्यै दायर भएको प्रस्तुत मुद्दामा पछिल्लो मिति २०५३।९।२४ मा बनेको कानून आकर्षित हुन नसक्ने ।

२०५२ सालको कुतबाली नबुझाउने मोही यी प्रतिवादीलाई सोही समयमा लागू भएको कानूनी व्यवस्थाअनुसार मोहियानी हकबाट निष्काशन गर्नुपर्नेमा मोही हक यथावत् कायम रहने ठहर्‍याएको भूमिसुधार कार्यालय, सप्तरीको मिति २०६०।१।१५ को निर्णयलाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१।१४ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी मेथर चौधरीलाई दावीको जिल्ला सप्तरी, हरिहर गा.वि.स.वडा नं. ८ को कि.नं. २३२ को १-११-६ जग्गाको मोही हकबाट निष्काशन हुने ।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७१ साल जेठ २३ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०६७-CI-१५१०, बाली दिलाई मोही निष्काशन, *जतनदेवी चौंडरिया वि. विलट चौधरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-०२२४, उत्प्रेषण, *निलहरि काफ्ले वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत*

निवेदकलाई नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय (मन्त्रीस्तर) को मिति २०६८।१०। १२ गतेको निर्णयानुसार चलचित्र विकास बोर्डको सदस्यमा दुई वर्षको लागि नियुक्त गरिएकोमा पदावधि समाप्त हुनुअगावै सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६९।५।१४ को निर्णयानुसार अवकाश दिने गरी गरिएको निर्णय कानूनअनुरूपको देखिन नआएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-११५६, उत्प्रेषण, *गोविन्द मन्डल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

प्रशासन चलाउन र सेवा सञ्चालन गर्न कानूनका अधीनमा रही अधिकारप्राप्त अधिकारीले गरेको सरूवासम्बन्धी निर्णयमा ठाडो उल्लङ्घन भएको देखिएमा बाहेक अदालतले हस्तक्षेप गर्नु न्यायोचित हुँदैन । निवेदकको सरूवा निर्णयमा कुनै कानूनी त्रुटि पाइएन । तहको नाम नखुलाइए पनि सो तहअनुरूपकै तलब भत्ता पाउने स्थितिमा त्यसलाई घटुवा भन्न नमिल्ने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

३

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-१२४१, उत्प्रेषण, *सीमा सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकलाई नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय (विभागीय मन्त्रीस्तर) को मिति २०६८।४।२७ को निर्णयानुसार राष्ट्रिय सहकारी विकास बोर्डमा महिला सहकारी कार्यतकर्ताहरूमध्येबाट प्रतिनिधित्व हुने बोर्ड सदस्यमा दुई वर्षको लागि मनोनयन भई निजको पदावधि मिति २०७०।४।२६ मा नै समाप्त भई रिट निवेदन निष्प्रयोजित भएको हुँदा रिट निवेदनमा उठाइएका प्रश्नहरूमा प्रवेश गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी
कम्प्युटरः सबिना अधिकारी
इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६९ को पुनरावेदन नं. ०६९-CI-०३८१, निषेधाज्ञा, *महेशप्रसाद सिँह वि. हीरानाथ महर्जनसमेत*

टहरा बनाएको जग्गामा निवेदकको कुनै हक स्वामित्व नरहेको जग्गामा अनिश्चितकालसम्म बसिरहन पाउने हक यी पुनरावेदकसँग सुरक्षित छैन । जिल्ला स्काउट कार्यालयले आफ्नो स्वमित्वमा रहेको जग्गा नयाँ घर बनाउन आवश्यक परी त्यहाँ रहेको टहरा पुनरावेदकसँग गरेको शर्तबमोजिम सूचना दिई हटाउँदा पुनरावेदकको कुनै पनि हकमा आघात पर्नसक्ने आशङ्काको स्थितिसमेत नदेखिँदा निवेदनबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत, पाटनको मिति २०६५।२१।४ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ को पुनरावेदन नं. ०६८-CR-०९९४, साधारण चोरी, *नेपाल सरकार वि. विश्वास मल्लसमेत*

प्रत्यर्थीहरूमध्येका सुरेश सुनार र शङ्कर भन्ने तुलाराम सुनारले चोरी गरेको माल बाँडी खाएको पुष्टि भइसकेको अवस्थामा निजहरूलाई सोही महलको २० नं. बमोजिम बिगोबमोजिम जरीवाना र कैदसमेत गर्नुपर्नेमा त्यसो नगरी मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम प्रथम पटकको लागि एक महिना कैद सजाय हुने ठहर्‍याई जरीवानाका हकमा केही नबोलेको हदसम्म पुनरावेदन अदालत, नेपालगन्जको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिने ।

सुरेश सुनार र शङ्कर भन्ने तुलाराम सुनारलाई मुलुकी ऐन, चोरीको २० र १२ नं. बमोजिम जनही एक महिनाका दरले कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको फैसला केही उल्टी भई प्रत्यर्थी सुरेश सुनार र शङ्कर भन्ने तुलाराम सुनारलाई मुलुकी ऐन, चोरीको २० नं. बमोजिम जनही एक महिना कैद र सोही महलको १२ नं. बमोजिम जनही रू.११,७४४।- का दरले जरीवाना हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरःविदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ को पुनरावेदन नं. ०६७-CI-१२०८, लेनदेन, *मानबहादुर चन्द वि. अजबहादुर शाही*

विवादित लिखत बन्दी बनाइएको अवस्थामा डर, त्रासमा पारी जबर्जस्तीसँग तयार पार्न लगाइएको भएमा उक्त तमसुकको प्रतिलिपि कसरी मिति २०६५।१०।२६ गते पेश भएको उजूरी निवेदनका साथ वादीले पेश गरेका हुन् पुनरावेदक यस सम्बन्धमा मौन बसेका छन् । अर्कोतर्फ जिल्ला प्रशासन कार्यालयको दबाबमा उल्लिखित लिखत तयार भएको भए यी पुनरावेदकले ऐन कानूनका म्यादभित्र साधिकार निकायमा करकाप मुद्दा वा उपयुक्त कानूनी मार्ग अवलम्बन गरी उक्त लिखत बदर गराउनुपर्ने थियो । तर, यी पुनरावेदकले त्यसतर्फ केही कारवाही गरेको मिसिलबाट नदेखिँदा वादी दावीबमोजिमको साँवा रू.६,३०,०००।- तथा सोको कानूनबमोजिम ब्याज वादीले प्रतिवादीबाट भरिपाउने ठहर गर्नुपर्नेमा वादी दावी पुग्न नसक्ने भन्ने सुरू बाँके जिल्ला अदालतको फैसला उल्टी भई वादी दावी पुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।९।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ को पुनरावेदन नं. ०६७-CI-००१३, परमादेश, *लालदेव यादव वि. जिल्ला प्रहरी कार्यालय, सप्तरी राजविराजसमेत*

मिति २०६६।१०।५ को जाहेरीमा कारवाही नभएको भए तत्कालै समुचित उपचार खोज्नुपर्नेमा मिति २०६७।९।२९ मा पुनः हुलाकमार्फत जाहेरी दिएको भन्ने निवेदक कथन भए पनि २०६६।१०।५ मा जाहेरी दिएको

वस्तुनिष्ठ आधार पुनरावेदनमा समेत देखाउन सकेको नपाइएकोले अनावश्यक विलम्ब गरी परमादेशको आदेश माग गरी दायर हुन आएको प्रस्तुत मुद्दामा लिखित जवाफ माग गर्नुको औचित्यसमेत नदेखिएको भनी रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१२।८ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको ०६६-CR-०६६५, चोरी, *नेपाल सरकार वि. महेश चौधरी*

आफैंले किटानीसाथ चोरी भएको भनी जाहेरी दिने तर आफैंले भूलवश शङ्का मानी जाहेरी दिएको भनी बकपत्र गर्ने र मौकामा कागज गर्ने पल्टुराम चौधरी र बलराम चौधरीसमेतलाई मौकामा चोरी भएको भनी भन्ने तर पछि भूलवश भनेको भन्नेसमेत देखिएको स्थितिमा जाहेरवालाले झूट्टो (बनावटी) जाहेरी दिएको मान्नुपर्ने अवस्था देखिन आयो । चोरी जस्तो गम्भीर कसूरमा शङ्का र हतारमा किटानी जाहेरी दिने जाहेरवाला स्वयम् सजायका भागीदार हुनुपर्ने देखिन आयो । जाहेरवाला वर्ष १८ का कलिलो उमेरको भन्ने देखिएकोले झूट्टो (बनावटी) जाहेरी दिएको कसूरमा निजलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)(क) अनुसार तजबिजी रू.१,०००।- जरीवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला मिलेकै देखिन आउने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल पुस १८ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०७० सालको ०६९-CI-१०१५, परमादेश, *जिल्ला सप्तरी, बसबिट्टी गाउँ विकास समितिको कार्यालयसमेत वि. सकुर मियाँसमेत*

कानूनबमोजिम मागिएका कागजातको नक्कल नदिनु सार्वजनिक निकायका लागि शोभनीय कुरा होइन । नक्कल दिन मुलुकी ऐन, कागज जाँचको महलको १७ नं. र अ.बं. २११ नं. ले यी पुनरावेदक बाध्य नै छन् । कानूनी कर्तव्य पूरा नगर्नु परमादेशको विषय हुँदा निवेदकले माग गरेको कागजातका कानूनबमोजिम नक्कल नदिनु कानूनसम्मत देखिएन । पुनरावेदन अदालतले जारी गरेको आदेशउपर गरिएको पुनरावेदकका जिकीरसँग सहमत हुन नसकिने हुँदा निवेदकले माग गरेको आफूसँग रहेका कागजातको कानूनबमोजिम नक्कल दिन प्रत्यर्थीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।०३।१७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर : सबिना अधिकारी

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९ सालको पुनरावेदन नं. ०६९-CI-

०८४४, निषेधाज्ञा, *श्यामा पाठक वि. रामबाबु मण्डल धानुकसमेत*

प्रस्तुत निषेधाज्ञा मुद्दा र अदालतको अपहेलना मुद्दा एकै प्रकृतिका र एउटै परिणाम दिने मुद्दा होइनन् । निषेधाज्ञाको उपचार व्यक्तिका हक अधिकारमा सीमित रही ती अधिकार अतिक्रमण हुनसक्ने आशङ्का छ कि छैन न्यायको रोहमा हेरी अतिक्रमण हुनसक्ने आशङ्का देखिएमा अतिक्रमण हुनबाट रोक्नका लागि जारी हुन्छ । निषेधाज्ञाको मुद्दामा कैद तथा जरीवानाको गुञ्जायस हुँदैन । केवल अधिकार अतिक्रमण हुनबाट रोक्नसम्म यसको परिधि हो । तर अदालतको अपहेलना मुद्दाले कसैको अधिकार प्रतिस्थापना तथा संरक्षणसमेत गर्दैन बरू अदालतको मर्यादा कायम गराई राख्नेतर्फ केन्द्रित रहेको हुन्छ । अदालतको अपहेलना मुद्दा ठहरेमा प्रतिवादीलाई कैद, जरीवानामध्ये कुनै एकमात्र वा दुबै सजाय कायम गरी सजाय मुलतवी माफीसमेत हुन सक्दछ । तर निषेधाज्ञा मुद्दामा कैद तथा जरीवानाको कुनै गुञ्जायस नै हुँदैन । यसप्रकार निषेधाज्ञा र अदालतको अपहेलना मुद्दाको उद्देश्य र परिणामसमेत फरकफरक भएको अवस्थामा एकैसाथ राखी हेर्नुपर्छ भन्ने बाध्यात्मक हुँदैन । न्यायकर्ताले एकैसाथ राखी हेर्नुपर्ने आवश्यकता न्यायको रोहमा महसूस गरेमा मात्र एकैसाथ राखी हेरी निर्णय दिन सक्दछन् । साथै यस मुद्दामा पुनरावेदकले आफैंले दायर गरेको अदालतको अपहेलना मुद्दा यसै निषेधाज्ञा मुद्दासँग साथै राखी एकैसाथ निर्णय गरिपाउँ भनी निवेदन माग गरेको पनि मिसिलबाट नदेखिँदा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।११।२३ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९ सालको पुनरावेदन नं. ०६९-CI-०८६७, उत्प्रेषण/परमादेश, *जायश्वर लम्साल वि. हिमाल उच्च माध्यमिक विद्यालय, खुर्कोट पर्वतसमेत*

पुनरावेदक जायश्वर लम्साललाई विद्यालयको आन्तरिक स्रोतबाट तलब सुविधा उपलब्ध गराउने गरी अस्थायी नियुक्त भएको र निजलाई दिएको जिम्मेवारी अनुशासनपूर्वक सम्पादन नगरेको अवस्थामा सोधिएको स्पष्टीकरण सन्तोषजनक नभएको र सफाइ पेश गर्न पुनः मौका दिँदा पनि उदासीन रही आफ्नो स्पष्टीकरण पेश गरेको मिसिलबाट देखिएन । साथै यी पुनरावेदक आफू सो पदमा स्थायी भएको वा कानूनबमोजिम सेवा समायोजन भएको भनी लेख्न देखाउन र सोको प्रमाण पेश गर्न सकेको नदेखिँदा अस्थायीरूपमा नियुक्त भएका यी पुनरावेदकलाई दिइएको जिम्मेवारी इमान्दारीपूर्वक बहन नगरेको तथा सोधिएका स्पष्टीकरणको जवाफ पनि नदिएको अवस्थामा निवेदकलाई सेवाबाट हटाउने गरी विद्यालय व्यवस्थापन समितिबाट मिति २०६८।८।१

मा भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी यथावत् जिम्मेवारी दिलाई दिनु भनी परमादेशको आदेश जारी गरिपाउँ भनी दायर भएको निवेदन माग खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, बागलुङको मिति २०६९।३।२६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९ सालको पुनरावेदन नं. ०६९-CI-०९०१, निषेधाज्ञा, *राजकिशोर चौधरी वि. पानवती साह सुडीसमेत*

निषेधाज्ञा केवल आशङ्काको स्थितिमा जारी हुने हो । आशङ्काको चरण समाप्त भई नै सकेको अवस्थामा निवेदकले साधारण अधिकारक्षेत्रअन्तर्गतको उपयुक्त उपचार खोज्नुपर्ने हुन्छ । यस्तो अवस्थामा अदालतले सबूद प्रमाण बुझी उपयुक्त इन्साफ दिनसक्ने नै हुन्छ । निवेदकको कि.नं.६३९ मा निर्माण नगर्न अन्तरिम आदेश जारी भएको छ। सो अन्तरिम आदेशको अपहेलना भयो भन्ने निवेदकको चुनौती छैन । यस निषेधाज्ञा मुद्दाको जरियाबाट जाँचबुझ गर्दा प्रत्यर्थीहरूले पेश गरेका तस्वीरका घर कि.नं.६३९ मै बनिरहेको पाइए पनि निषेधाज्ञा मुद्दाबाट निवेदकलाई मद्दत गर्न सकिँदैन । प्रत्यर्थीले निजहरूका नाउँको कि.नं.४४६ को जग्गामा घर निर्माण गर्न नपाउने भन्न नमिल्ने हुँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।१२।७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०११३, निषेधाज्ञा, *रामदुलार यादवसमेत वि. रामविलास यादवसमेत*

निवेदक रामविलास यादवसमेतले अंशवापत प्राप्त गरेको घरबासको जग्गामा आवतजावत गर्न बन्डापत्रमै उल्लेख भएको बाटो अवरूद्ध गरिदिनु न्याय र भोगाधिकार दृष्टिबाट वाञ्छनीय नदेखिने ।

रिट निवेदनको पारम्परिक सुनुवाइबाट अन्तरिम आदेश जारी हुनुपर्ने वा नहुनु सो निवेदनउपरको अन्तिम आदेशका लागि निर्णयाधार बन्न सक्तैन । मुद्दाको परिणामलाई तत्काल प्रभाव पार्नसक्ने अवस्था र सोको कारण पक्षलाई अपूरणीय क्षति पुग्नसक्ने अवस्थामा मात्र अन्तरिम आदेश जारी हुने स्थिति एकातर्फ रहेको हुन्छ भने अन्तिम आदेश दुबै पक्षका भनाइ सुनी तथ्य र कानूनको सूक्ष्म विश्लेषण गरी निर्णयमा पुग्ने पद्दति भएको हुँदा सुरू निवेदनउपर अन्तरिम आदेश जारी नभएको कारण पुनरावेदन अदालतबाट भएको आदेश त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन । जिल्ला अदालतमा विचाराधीन मुद्दाहरूमा हुने अन्तिम निर्णयबमोजिम निस्कने निष्कर्षलाई प्रस्तुत आदेशले कुनै प्रतिकूल प्रभाव पार्नसक्ने स्थिति देखिएन । बरू रही

आएको भोगी आएको बाटोमा साम्पत्तिक हककै अङ्ग भोगाधिकारलाई सो विषयमा अन्तिम निर्णय नहुँदासम्म वा निर्णयानुसार हुने गरी संरक्षण गरिदिनु निषेधाज्ञाको मूल अभिप्राय नै हुँदा पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।१०।२४ मा निषेधाज्ञाको आदेश जारी गर्ने गरी भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६९-CI-०११४, निषेधाज्ञा, *विचारी रायसमेत वि. रामविलास यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०९०६, परमादेश, *राजेश्वर मण्डलसमेत वि. जिल्ला ससरी, कोचाबखारी गाविस वडा नं. ९, खुदीबखारी कुपही स्थित जनता माध्यमिक विद्यालयसमेत*

जिल्ला शिक्षा कार्यालय, सप्तरीको च.नं.१५६२, १५६३ मिति २०६७।७।४ को जनता माध्यमिक विद्यालय, खुदीबखारी कुपहीलाई लेखेको पत्रमा सञ्जयकुमार मण्डल र सुशीलाकुमारी मण्डललाई सो विद्यालयको अस्थायी शिक्षक पदमा मिति २०६६।१०।१८ मा दिइएको नियुक्ति जिल्ला शिक्षा कार्यालयको मिति २०६७।७।४ कै निर्णयबाट अभिलेख जनाइसकिएको भन्ने व्यहोरा उल्लेख भएको देखिएकोले निवेदकले बदरको माग दावी लिएको परीक्षाको कार्य सम्पन्न भई सफल भएका उम्मेद्वारलाई नियुक्तिसमेत दिई कामकाजमा लगाइसकेको देखिँदा सम्पन्न भइसकेको कार्यका सम्बन्धमा परमादेशको आदेश जारी हुनसक्ने अवस्था नहुँदा पुनरावेदन अदालत, राजविराजबाट निवेदन खारेज हुने ठहरी मिति २०६७।९।२५ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

१५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-CR-०११३, कर्तव्य ज्यान, *विनोद साहू वि. नेपाल सरकार*

मृतक विकास क्षेत्रीको बायाँ पेटमा १×१' गोलो प्वाल परेको घाउ, दायाँ पेटमा २×२' का दुईवटा प्वाल परेको घाउ, पेटमा १०' लामो टाँका लगाएको घाउ देखिएको भन्ने लास जाँच मुचुल्काबाट देखिएको र मृतकको पेटको भित्री भागसम्म धारिलो हतियारबाट घाउ लागी मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण खुली आएको छ । मृतकउपर परेका उल्लिखित चोट यिनै प्रतिवादी विनोद साहूले प्रहार गरेको चक्कुको चोट हो भन्ने तथ्यलाई स्वयम् प्रतिवादी विनोद साहूको मौकाको साबिती बयान गर्दा स्वीकार गरेको अवस्था, लास जाँच प्रकृति मुचुल्काबाट देखिएको चोटको प्रकृति र शव परीक्षण प्रतिवेदनबाट समर्थित भएको छ । प्रतिवादीले

मौकामा बयान गर्दा पूर्वरिसइबिको कारण मृतकलाई शरीरका यत्रतत्र भागमा चक्कुले प्रहार गरेको हुँ भनी लेखाएको तथ्यलाई मिसिल सलग्न अन्य सबूद प्रमणहरूले मालाकाररूपमा समर्थित गरिरहेको दखिँदा निजको उक्त साबिती बयानलाई अन्यथा रहेछ भन्न नसकिने हुँदा तथ्य, प्रमाणहरूबाट प्रतिवादी विनोद साहूको चोट प्रहारबाट विकास क्षेत्रीको मृत्यु भएको ठहर गरी निज प्रतिवादी विनोद साहूउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसूरमा ऐ.को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरू बाँके जिल्ला अदालतबाट मिति २०६७।३।१ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।१०।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत २४ गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९-CR-००४३, कर्तव्य ज्यान, *मङ्गलसिंह मादेन वि. नेपाल सरकार*

रातको समयमा नाबालक प्रतिवादी र आमा भएको घरमा मृतक जबर्जस्ती प्रवेश गरी आमाको इज्जत लुट्ने प्रयास गरेको अवस्था देखिई प्रतिकार गर्ने क्रममा असामान्य परिस्थितिमा नाबालकबाट घटना घटित भएको अवस्था हुँदा हदैसम्मको सजाय गर्दा सजाय चर्को पर्ने भएकाले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष सजाय हुन पुनरावेदन अदालतबाट व्यक्त भएको रायसमेत मिलेको देखिने ।

प्रतिवादीको उमेर वारदातको समयमा १५ वर्ष मात्र रहेको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम सोको आधा १० वर्ष सजाय हुने ठहर गरी अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ५ हुन राय व्यक्त गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।१।१८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

१७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९-CR-०३९०, कर्तव्य ज्यान, *सुकमाया बि.क. वि. नेपाल सरकार*

आफूले जन्माएको बच्चाको घाँटी अँठ्याई भूईँमा फालिदिएको र बच्चाको लास गन्हाउन थालेपछि थैलोमा पोको पारी घरदेखि पर ढाँडमा लगी भन्ने पुनरावेदक प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान "The cause of death is due to Asphyxia due to Suffocation" भन्ने शव परीक्षण प्रतिवेदन व्यहोराबाट समर्थित भएको र बच्चा जन्मिदा सालनाल बच्चाको घाँटीमा बेरिएको कारण बच्चाको मृत्यु भएको हो भन्ने प्रतिवादीको अदालतसमक्षको बयान घटनास्थल लास जाँच मुचुल्का, घटना विवरण कागज गर्ने गङ्गाबहादुर पाइजा, कृष्णबहादुर बस्नेत, कृष्णकुमारी सुवेदी

र योमाया पाइजाको बकपत्र, मिसिल संलग्न मृतक शिशुको फोटोसमेतबाट खण्डित भएको हुँदा अन्य स्वतन्त्र सबूद प्रमाणबाट समर्थन नभएको प्रतिवादीको अदालतसमक्षको इन्कारी बयानकै आधारमा मात्र प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ दिन मिल्ने नदेखिने ।

प्रतिवादीले परपुरूषसँगको यौनसम्पर्कबाट गर्भधारण गरी लोकलाजका कारण आफैंले जन्माएको शिशुलाई कर्तव्य गरी मारेको देखिन्छ । घटनाको पृष्ठभूमि र सामाजिक परिवेशसमेतलाई विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसारको सजाय चर्को पर्ने चित्तले देखी अ.बं. १८८ नं. बमोजिम तीन वर्ष कैद सजाय हुन व्यक्त राय पनि वारदातको प्रकृति हेर्दा अ.बं. १८८ नं. प्रयोग हुनसक्ने अन्तरवस्तु देखिएबाट सुरू म्याग्दी जिल्ला अदालत एवम् पुनरावेदन अदालत, बागलुङको सो रायसमेत मनासिब देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

१८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९-CR-०४८९, कर्तव्य ज्यान तथा जबर्जस्ती करणी, *पाडा भन्ने मेहेरमान गणेश वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले पुनरावेदनपत्रमा अधिकारप्राप्त अधिकारीसमक्ष लेखाएको बयान कागज जबर्जस्ती ईच्छाबेगर भएको भने पनि अन्य मौकामा र अदालतसमेतमा भएका बकपत्रसमेतका कागजबाट निजको मौकाको बयान समर्थित भएको पाईँदा पुनरावेदन जिकीरकै भरमा निज निर्दोष रहेछन् भन्न नमिल्ने ।

प्रतिवादी मेहरमानले पहिलेदेखि मृतक श्रीमती र मन्सुर मियाबीच रहेको सम्बन्ध थाहा पाए पनि मृतकलाई सम्झाई बुझाई सँगै राखेको, घटना हुँदाका अवस्थामा मृतक आफ्नी श्रीमती र मन्सुर मियाबीच शारीरिक सम्पर्क गरेको प्रत्यक्ष देखी मन्सुर मिया भागेपश्चात् आवेशमा आई श्रीमतीलाई साथमा रहेको हँसियाले घाँटीमा काटेको कारण निजको मृत्यु हुन गएको, प्रतिवादीको पूर्वयोजना, मनसाय कहींकतैबाट खुल्न नआएको र नाबालक बच्चाहरूको भविष्यको हेरचाहसमेतको दृष्टिकोणबाट प्रतिवादी मेहरमान गणेशलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने देखिएबाट अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ५ हुन व्यक्त गरेको सुरू एवम् पुनरावेदन अदालतको रायसमेत मिलेको देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

१९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९-CR-०७५७, कर्तव्य ज्यान, *सेती भन्ने मनकुमारी सार्की वि. नेपाल सरकार*

Forensic test बाट बच्चा जीवित अवस्थामा जन्मेको (Alive birth) भन्ने तथ्य पुष्टि भएको हुँदा जीवित बच्चा जन्माई

खरबारीमा छाडेको र सो बच्चाको मृत्यु भएको अवस्था हुँदा यी पुनरावेदक प्रतिवादीको हकमा ज्यानसम्बन्धीको महलको १८ नं. बमोजिमको सजाय आकर्षित हुने अवस्था देखिन आयो । पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको स्याङ्जा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेको देखिने ।

पुनरावेदक प्रतिवादीको प्रशव पीडा र वेदनाको अवस्थामा आफ्नै कोखबाट जन्मिएको बालिकालाई खरबारीमा छाडेको र उक्त बच्चाको मृत्यु भएको अवस्था देखिन्छ । घटनाको प्रकृतिसमेतलाई विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसारको सजाय चर्को पर्ने चित्तले देखी अ.बं. १८८ नं. बमोजिम चार वर्ष कैद सजाय हुन व्यक्त राय पनि वारदातको प्रकृति हेर्दा अ.बं.१८८ नं. प्रयोग हुनसक्ने अन्तरवस्तु देखिएबाट पुनरावेदन अदालत, पोखराको सो रायसमेत मनासिब देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

२०

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०४५९, कुटपीट, *अशोक हजारा दुसाद वि. महमद इसलाम भन्ने इसलाम देवानसमेत*

प्रयाक्चर भएको दाहिने हातको मिति २०६७।७।२४ को एक्स रे परीक्षण गर्दा निजको दाहिने हात भाँचिएको (Mid Shaft Radius) हात साविक जस्तो काम नलाग्ने देखिन्छ भन्ने उल्लेख भएको देखिँदा साविक जस्तो काम नलाग्ने भए पनि कामै नलाग्ने भन्न सकेको अवस्था नदेखिँदा सो भाँचिएको हात काम नलाग्ने भन्ने अर्थ गरी ठूलो सजाय गरेको हदसम्म पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको देखिएन । साविक जस्तो काम नलाग्ने भन्नुको तात्पर्य काम नलाग्ने भन्न मिल्ने नदेखिँदा निज पुनरावेदक प्रतिवादी अशोक हजारा दुसादलाई मुलुकी ऐन, कुटपीटको महलको ७ नं. बमोजिम रू.२,०००।- जरीवाना र छ महिना कैद र महम्मद देवानलाई कुटपीट गरेतर्फ कुटपीटको १३ नं. बमोजिम रू.२००।- गरी जम्मा जरीवाना रू.२,२००।- र कैद छ महिना सजाय हुन्छ । बढी सजाय गरेको हदसम्म पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।३।२ को फैसला केही उल्टी हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

२१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९-CR-०७६२, जीउँदो बालिका फाली ज्यान मारेको, *कमला कुमाल वि. नेपाल सरकार*

प्रतिवादीको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष भएको साबिती बयान, जिल्ला स्वास्थ्य कार्यालय, गुल्मीको शारीरिक परीक्षण प्रतिवेदन तथा मिसिल संलग्न शव परीक्षण

प्रतिवेदनसमेतबाट प्रतिवादीले बालिकालाई जन्म दिई आफूले जन्माएको नवजात शिशुलाई माटो खोस्री कर्कलाको पातले छोपी छाडी हिँडेको र तापक्रम र अक्सिजन नपुगेको कारण नवजात शिशुको मृत्यु भएको अवस्था देखिँदा ज्यानसम्बन्धीको महलको १८ नं. बमोजिम जन्मकैदको सजाय नै प्रस्तुत मुद्दामा आकर्षित हुने देखिन आयो । माथि उल्लिखित आधार र कारणबाट आफूलाई जन्मकैदको सजाय गर्न नमिल्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्ने अवस्था नभै पुनरावेदक प्रतिवादी कमला कुमाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १८ नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको गुल्मी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेको देखिने ।

तथ्यलाई स्वीकार गरी प्रतिवादीले अधिकारप्राप्त अधिकारी अदालतसमक्ष यथार्थ बयान गरी मुद्दाको अनुसन्धान तथा कारवाहीको क्रममा सहयोग पुर्‍याएको अवस्था मिसिलबाट देखिन्छ । प्रतिवादीको १८ वर्षको कलिलो उमेरसमेतलाई विचार गर्दा ज्यानसम्बन्धीको महलको १८ नं. बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तले देखी अ.बं. १८८ नं. बमोजिम दुई वर्ष कैद सजाय हुन पुनरावेदन अदालत, बुटवलबाट व्यक्त रायसमेत मनासिब देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

२२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०९१६, ०६७-RC-००८०, कर्तव्य ज्यान, *वीरबहादुर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. वीरबहादुर तामाङ*

घटनाको सम्पूर्ण विवरण र तथ्यसहितको बयानलाई जाहेरी, जाहेरवालाको बकपत्र तथा वस्तुस्थिति मुचुल्काका मानिसको बकपत्रसमेतबाट पुष्टि गरेको देखिन्छ । घटना भएको अवस्थामा मृतक र यी प्रतिवादीमात्र भएका घटना रातको समयमा भएको, चश्मदीद अरू कोही व्यक्ति नभएको अवस्थामा प्रतिवादीले स्वेच्छापूर्वकरूपमा अदालतमा गरेको साबिती बयान नै निजको विरूद्धको खम्बीर प्रमाणको रूपमा लिनुपर्ने हुन आउँछ । बजारबाट फर्कने क्रममा बाटोमा आफू रहेको र मृतक लाइट बाल्दै आउँदा आफूले को हो भनी सोद्धा म हो भनी मृतकले भनेपछि यी प्रतिवादीले मलाई पनि लाइट देखाउ भन्दा मृतकले प्रतिवादीलाई आफ्नो हातको डण्डीले पाखुरामा हिर्काएको किन हिर्काएको भन्दा पुनः दुई पटक बायाँ तिघ्रामा हिर्काएर गएपछि केही पर पुग्दा निज मृतकलाई यी प्रतिवादीले भेटेपछि किन मलाई हिर्काएको भनी भन्नासाथ मृतकले प्रतिवादीलाई मुक्काले हिर्काएको त्यसपछि दुबैबीच धकेलाधकेल भै अन्तिममा मृतकले घाँटीमा बाँधेको भेष्ट यी प्रतिवादीले तानी घाँटी कसी दिई श्वासप्रश्वास बन्द गराई मारेको भन्ने निजको बयानबाट नै

देखिन्छ । यस्तो घटनाबाट भएको मृत्युमा ज्यानसम्बन्धीको महलको ६ नं. आकर्षित भै भवितव्य ठहर हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन; हत्या सांयोगिक नहुँदा युक्तिसङ्गत् मान्न नमिल्ने हुँदा मृतक टङ्कबहादुर भन्डारीको मृत्यु यी पुनरावेदक वीरबहादुर तामाङकै कर्तव्यबाट भएको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

यी प्रतिवादी र मृतकको बीच कुनै पूर्व रिसइबि नभएको, रक्सीको नशाको सुरमा भएको अवस्थामा सामान्य कुरामा विवाद भै धकेलाधकेल हुने क्रममा घटना घटेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय गर्दा चर्को पर्न जाने देखिन आएकोले ऐ. महलको १८८ नं. बमोजिम आठ वर्ष मात्र कैद सजाय गर्न उपयुक्त हुने भनी पुनरावेदन अदालत, धनकुटाले व्यक्त गरेको राय हेर्दा घटनामा अ.बं. १८८ को अन्तरवस्तु देखिएबाट सो रायसमेत मनासिब देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

२३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-०३५८, कर्तव्य ज्यान, *इन्दिरा परियार वि. नेपाल सरकार*

आत्मरक्षाको सिलसिलामा पतिलाई हँसियाले हानेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ७ नं. बमोजिम सजायबाट छूट पाउनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकीर सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ७ नं. को देहाय १ मा "कसैले हात हतियार लिई वा नलिई आफ्नो ज्यान लिनासम्मको जोरजुलुम गर्न लागेकोमा त्यस्तालाई पक्राउ गर्न गुहार मद्दत माग्न नसकिने वा मागे पनि बखतमा मद्दत पुग्न नसक्ने वा त्यस्ताको पञ्जाबाट भागी उम्की आफ्नो ज्यान बचाउनसमेत फुर्सद नपाउने अवस्थामा आफूले केही नगरे ज्यान रहँदैन भन्ने पूरा विश्वास भै ज्यान बचाउनका खातिर उसै मौकामा केही गर्दा सो जुलुमीको ज्यान मरेकोमा ज्यानमाराको बात लाग्दैन" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ । यी प्रतिवादीलाई निजको पति कृष्णबहादुर परियारले ज्यान मार्नेसम्मको जोरजुलुम गरेको भन्ने स्वयम् प्रतिवादीकै बयान ब्यहोरासमेतबाट नदेखिएको अवस्था हुँदा ज्यानसम्बन्धीको महलको ७ नं. प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिई अभियोग दावीबाट सफाइ पाउनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकीर पुग्नसक्ने अवस्था नभै पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यासम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको संखुवासभा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेको देखिने ।

प्रतिवादीले पतिलाई मार्नुपर्नेसम्मको

मनसाय वा योजना बनाएको अवस्था पनि देखिँदैन । पतिले आफूलाई अपशब्द प्रयोग गरेको कारण रिस उठी प्रतिवादीले सोही बखत हातमा भएको हँसियाले प्रहार गरेको अवस्था देखिन्छ । आफ्नो प्रहारले मृतक भूइँमा लडेपछि पानी खुवाउने, बोकेर खाटमा सुताइदिने, सिरक ओढाउने जस्ता कार्य आफूले गरेको भनी प्रतिवादीले बयान गरेको देखिन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षसमेत घटनालाई तथ्यपरक ढङ्गले स्वीकार गरी बयान गरेको अवस्थासमेतलाई विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. को सजाय चर्को पर्ने चित्तले देखी अ.बं. १८८ नं. बमोजिम पाँच वर्ष कैद सजाय हुन व्यक्त राय पनि घटनाको प्रकृति हेर्दा अ.बं. १८८ नं. प्रयोग हुनसक्ने अन्तरवस्तु देखिएबाट सुरू संखुवासभा जिल्ला अदालत एवम् पुनरावेदन अदालत, धनकुटाको सो रायसमेत मनासिब देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ,** २०७० सालको प्रतिवेदन नं. ०७०-RE-०१६४, *कर्तव्य ज्यान, जयबहादुर शाहीसमेत वि. नेपाल सरकार*

प्रतिवादी लक्षीराम घर्तीमगर, निरकबहादुर घर्ती मगर र वीरबहादुर के.सी. को हकमा विचार गर्दा निजहरूले मौकामा र अदालतसमक्षसमेत मृतक डेकेन्द्रराज थापाको हत्या हुँदाको अवस्थामा घटनास्थलमा नै रही घटनापश्चात लास गाड्न खाल्डो खन्नेसमेत कार्य गरेकोमा साबित रही परस्पर पोलसमेत गरेको लगायतका तत्काल प्राप्त प्रमाणको आधारमा निजहरूलाई मुद्दाको पुर्पक्षको लागि मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय (२) नं. बमोजिम थुनामा राख्ने गरी तहाँबाट मिति २०६९।१०।१९ मा भएको आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७०।३।२०।५ मा भएको आदेश रीतपूर्वकको नै देखिँदा परिवर्तन गरिरहन नपर्ने ।

प्रतिवादी जयबहादुर शाही र हरिलाल पुनमगरको हकमा विचार गर्दा, निजहरू आरोपित कसूरमा पूर्णरूपमा इन्कार रही मौकामा र अदालतमा समेत बयान गरेका सहअभियुक्तहरूमध्ये निरकबहादुर घर्ती मगर, लक्षीराम घर्तीमगरले मौकामा बयान गर्दा लास गाड्न खाल्डोसमेत खन्ने कार्यमा संलग्न रहेको भनी पोल गरेकोमा अदालतसमक्ष प्रतिवादी लक्षीराम घर्तीमगरले मौकाको बयानबाट समर्थन गरेकोमा प्रतिवादी निरकबहादुर घर्तीमगरले वारदात हुँदा प्रतिवादी जयबहादुर शाही र हरिलाल पुनमगर घटनास्थलमा नरहेको भनी बयान गरेकोमा पुनरावेदन अदालत, सुर्खेतबाट लक्षीराम घर्तीमगर, निरकबहादुर घर्तीमगर र वीरबहादुर के.सी. ले मौकामा र अदालतमा समेत प्रतिवादी जयबहादुर शाही र हरिलाल पुनमगरसमेत मृतक डेकेन्द्रराज थापाको हत्याका

अवस्थामा घटनास्थलमै रही घटनापश्चात लास गाड्न खाल्डो खन्ने समेतका कार्यमा संलग्न रही बयान गरेको भन्ने गलत तथ्य उल्लेख गरी तहाँ अदालतबाट निजहरूलाई मुद्दाको पुर्पक्षका लागि थुनामा राख्ने गरी भएको मिति २०६९।१०।१९ को आदेशलाई सदर गरेको पाइयो । प्रतिवादी जयबहादुर शाही र हरिलाल पुनमगरसमेत घटनास्थलमा रहेको भनी प्रतिवादी लक्षीराम घर्तीमगरले मौकामा र अदालतसमक्ष बयान गरेको र प्रतिवादी निरकबहादुर घर्तीमगरले मौकामा प्रतिवादी जयबहादुर शाही र हरिलाल पुनमगर घटनास्थलमा रहेको भनी बयान गरेकोमा अदालतसमक्ष निजहरू घटनास्थलमा थिएनन् भनी बयान गरेबाट मात्र प्रतिवादी लक्षीराम घर्तीमगरले मौकामा र अदालतसमक्ष गरेको पोललाई तत्काल प्राप्त अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको देखिन नआएकोले निज प्रतिवादीहरू जयबहादुर शाही र हरिलाल पुनमगरलाई मुद्दाको पुर्पक्षको लागि मुलुकी ऐन, अ.बं. ११८ को देहाय (२) नं. बमोजिम थुनामा राख्ने गरी त्यस अदालतबाट मिति २०६९।१०।१९ मा भएको आदेशलाई समर्थन गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७०।३।२०।५ मा भएको आदेश मिलेको नदेखिँदा बदर हुने भई मुद्दाको पुर्पक्षको लागि पछि ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादीहरू जयबहादुर शाही र हरिलाल पुनमगरलाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम तारिखमा राख्नू ।

इति संवत् २०७१ साल साउन २१ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RE-०२०३, ज्यान मार्ने उद्योग, डाँका, *धनबहादुर मादेनसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले मौकामा बयान गर्दा वारदात हुँदाको अवस्थामा वारदातस्थलमा रहेको भनी स्वीकार गरेकोमा अदालतसमक्ष निजहरू आरोपित कसूरमा पूर्णरूपमा इन्कार रही आफूहरू वारदात हुँदाको अवस्थामा वारदातस्थलमा नरहेको र प्र. सागर लिम्बु पन्दाकबाट बरामद भएको रू.४७,०००।- निजले आफ्नो रहेको भन्नेसमेत व्यहोराको जिकीर लिई बयान गरेकोमा निवेदक प्रतिवादीहरूको मौकाको बयान र निजहरूबाट बरामद भएको रूपैयाँसमेतको आधारमा डाँका मुद्दामा पुर्पक्षको लागि थुनामा राख्ने गरी त्यस अदालतबाट मिति २०७०।८।११ मा भएको आदेशलाई समर्थन गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७०।९।४ मा भएको आदेश बेरीतको भई मिलेको नदेखिँदा बदर गरिदिएको छ । निवेदक प्रतिवादी धनबहादुर मादेन, सागर लिम्बु पन्दाक, दिपचन आबुहाङ लिम्बु, रक्की थेबे लिम्बु र बिचिन्द्र मावो लिम्बुलाई मुद्दाको पुर्पक्षका लागि पछि ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम तारिखमा राखी कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल साउन २८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RE-०१८२, बैङ्किङ

कसूर, *दीपेन्द्र कार्कीसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. मदनबहादुर बस्नेतसमेत*

प्रतिवादी दीपेन्द्र कार्की अनुसन्धान अधिकारी र अदालतको बयानमा समेत कर्जा प्रवाह गर्ने कार्यमा सहभागी भए पनि बद्नियतपूर्वक गरेको होइन भनी कसूरमा इन्कार भै बयान गरेको देखिन्छ । निजले बद्नियतपूर्वक कर्जा प्रवाह गरेको भन्ने आरोपपत्रबाट नदेखिएको साथै निज निवेदक प्रतिवादीसरहकै अर्का प्रतिवादी गङ्गाबहादुर जी.सी.का हकमा रू.१,००,०००।- (एकलाख) मा धरौटी तारिखमा राख्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।२।२ को आदेश हालसम्म कायम रहेको समेतका आधारबाट पनि यी निवेदक प्रतिवादीलाई मुद्दा पुर्पक्षको निम्ति थुनामा राख्ने गरी पुनरावेदन अदालत, पाटनको मिति २०७०।९।७।१ मा भएको आदेश मिलेको नभई बेरीतको देखिँदा बदर हुन्छ । अब प्रतिवादी दीपेन्द्र कार्कीलाई पनि मुद्दा पुर्पक्षको निम्ति अ.बं.११८ नं. को देहाय ५ र १० बमोजिम रू.१,००,०००।- (एकलाख) नगद वा जेथा जमानत दिए लिई मुद्दा पुर्पक्षको निम्ति तारिखमा राख्नु । अर्का निवेदक प्रतिवादी मदनबहादुर बस्नेतले बद्नियतपूर्वक ऋण प्रवाह नगरेको भनी कसूरमा इन्कार भै बयान गरेको र निज सरहकै प्रतिवादी रमेश कुमार शर्मालाई रू.५,००,०००।- (पाँच लाख) नगद धरौट माग गरी तारिखमा राख्ने गरी पुनरावेदन अदालतबाट मिति २०७१।१।९ मा आदेश भएकोमा सो आदेश हालसम्म कायम रहेकोसमेतको आधारबाट पनि निवेदक प्रतिवादीबाट रू.४०,००,०००।- (चालीस लाख) धरौट माग गर्ने गरेको त्यस अदालतको मिति २०७०।९।७।१ को आदेश मिलेको नभै बेरीतको देखिँदा बदर हुन्छ । अब निज प्रतिवादी मदनबहादुर बस्नेतलाई पनि अ.बं. ११८ को देहाय ५ र १० बमोजिम रू.५,००,०००।- (पाँच लाख) दिए लिई मुद्दा पुर्पक्ष गर्नु साथै प्रतिवादीहरू मदनबहादुर बस्नेत र कोमानन्द अधिकारीलाई मुद्दा पुर्पक्षको निम्ति थुनामा राख्नुपर्ने कारण र अवस्था नदेखिँदा वादी नेपाल सरकारको निवेदनबाट उक्त आदेश बेरीतको नदेखिँदा बदर गर्नु परेन । अरूमा कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल साउन २१ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RE-०२७७, ०२८३, ०७१-RE-००२२, ज्यानमार्ने उद्योग, *संजय बानिया वि. नेपाल सरकार, मधुसूदन डोटेल वि. नेपाल सरकार, लेखराम महर्जन वि. नेपाल सरकार*

निवेदक प्रतिवादीहरू अनुसन्धान अधिकारी र अदालतमा समेत कसूर गरेको भन्ने कुरामा इन्कारी भै बयान गरेको, निजहरूबाट अपराधसँग सम्बन्धित दसी बरामद नभएको, निजहरूले पीडित मीनकृष्ण र मिलन सिलवाललाई चोटपटक छाडेको भन्ने नदेखिएको, साथै पीडितहरूको अधिकारप्राप्त अधिकारीसमक्षको कागजबाट समेत वारदातस्थलमा मोटरसाइकलमा आएका

प्रतिवादीहरूमध्येका यी प्रतिवादीहरू नभएको, घाउ जाँच प्रतिवेदनबाट पीडितहरूलाई लागेको चोट मर्नेसम्मको नदेखिएको समेतका आधारबाट निवेदक प्रतिवादीहरू संजय बानिया, मधुसूदन डोटेल र लेखराम महर्जनलाई मुद्दा पुर्पक्षको निम्ति अ.बं. ११८ को देहाय २ नं. बमोजिम थुनामा राख्ने गरेको सुरू जिल्ला अदालतको मिति २०७०।११।५ को आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।२।२२ को आदेशसमेत मिलेको नदेखिई बेरीतको देखिँदा उक्त दुबै आदेशहरू बदर गरिदिएको छ । अब निवेदक प्रतिवादीहरूलाई मुद्दा पुर्पक्षको निमित्त मुलुकी ऐन, अदालती बन्दोवस्तको ४७ नं. बमोजिम तारिखमा राखी अरूमा कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल साउन २८ गते रोज ४ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गोपाल पराजुली,** रिट नं. ०७०-WO-०९८५, उत्प्रेषण, *हरिप्रसाद पाण्डे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा ०३८।१।३१ को निर्णयले निजको जन्म मिति २०१७।२।१ भन्ने देखिन्छ । सोही ब्यहोराको मिति जनाई सिटरोल फाराम भरिएको र सो सिटरोललाई बदर गरिएको अवस्था पनि देखिँदैन । निजामती सेवा ऐनको दफा ३३(३) मा उल्लेख भएको कानूनी व्यवस्थाले निजामती कर्मचारीहरूलाई अनिवार्य अवकाश दिँदा कायम हुने जन्ममितिको सम्बन्धमा अपनाउनुपर्ने सैद्धान्तिक पक्षका सम्बन्धमा केही उल्लेख भए पनि भैरहेको सिटरोल र अन्य प्रमाणपत्र बदर नहुँदाका अवस्थामा कर्मचारीहरूलाई अवकाश दिने मुख्य आधार सिटरोल हुनुपर्नेमा सोको कानूनी प्रश्नमा व्याख्या नहुँदैका अवस्थामा सिटरोलमा उल्लेख भएको जन्ममिति कायम नगरी २०७०।८।१ लाई अवकाश मिति कायम गरी विपक्षी निजामती किताबखानाले जारी गरेको च.नं. ५८११ मिति २०७०।१२।१२ को पत्रले यी निवेदकको हकमा असर परेको प्रथम दृष्टिमा देखिन आएकोले प्रस्तुत निवेदकको अन्तिम टुङ्गो नलाग्दासम्मलाई उक्त पत्र कार्यान्वयन नगर्नु, नगराउनु र निवेदकलाई अनिवार्य अवकाश नदिनु भनी सर्वोच्च अदालत, नियमावली २०४९ को निमय ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल साउन २३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** रिट नं. ०७१-WO-०००७, उत्प्रेषण, *वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्चका तर्फबाट र आफ्नो हकमा समेत अध्यक्ष अधिवक्ता पदमबहादुर श्रेष्ठ वि. काठमाडौं महानगरपालिकाको कार्यालय, बागदरबार काठमाडौंसमेत*

साधारण अवस्थामा परमादेशको रिट निवेदनबाट अन्तरिम आदेश जारी गरिने प्रचलन कमैमात्र गरिने विषयवस्तुभित्र पर्ने भए तापनि निवेदकद्वारा निवेदनसाथ पेश गरिएका

फोटोसमेतका सामग्रीहरूबाट यो इजलास आफैं मर्माहत भएको महसूस गर्दछ । यस स्थितिमा काठमाडौं महागनरपालिकाको सुन्दरतामा निखार ल्याउन पनि तत्काले वातावरण कायम गर्ने कार्यको थालनी तत्काले गर्नु, गराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल साउन १४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल,** रिट नं. ०७१-WO-००४१, उत्प्रेषण, *वीरेन्द्र राउत वि. जिल्ला विकास समितिको कार्यालय, बारासमेत*

निवेदकले निवेदनसाथ उल्लिखित प्रमाणबाट गढीमाई मन्दिर बारा जिल्ला, बरियारपुर गा.वि.स.वडा नं. २ स्थित नेपाल राज्यको प्रसिद्ध शक्तिपीठहरूमध्ये गढीमाई भगवती पनि एक भएको देखिन आएको छ । सिंहदरबार काठमाडौं, विपद् जोखिम व्यवस्थापन तथा नगरपालिकाको योजना शाखाको मिति २०७०।२।१ को घोषित नगरपालिकाको नाउँ केन्द्र र वडा विभाजन विषयको जिल्ला विकास समितिलाई लेखिएको पत्र हेर्दा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।१।२५ को बैठकको निर्णयानुसार ७२ नगरपालिका घोषणा भएकोमा बारा जिल्ला गढीमाई नगरपालिका वडा सङ्ख्या १६ र नगरपालिका केन्द्र जितपुर भनी सो नगरपालिकामा गाभिने विभिन्न गा.वि.स.हरू उल्लेख भएको देखिएको छ । यो नगरपालिकाभित्र प्रसिद्ध गढीमाईको मन्दिर भएको बरियापुर गा.वि.स. गाभिएको अवस्था छैन । क्षेत्रगत हिसाबले पनि बारा सदरमुकामबाट बरियापुर गा.वि.स. पूर्वतर्फ रहेकोमा हाल गढीमाई नगरपालिका कायम भएका गा.वि.स.हरू बरियापुरसँग नजोडिई विपरीत दिशातर्फ रहेको देखिएको छ । यस अवस्थामा धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्टिकोणले समेत प्रसिद्धि प्राप्त गरेको बरियापुर गाविस स्थित प्रसिद्ध शक्तिपीठमध्येको भगवती मन्दिरको नाउँबाट सो क्षेत्रबाहेकको गा.वि.स. समेटी नगरपालिकाको नामाकरण गरेकोबाट सर्वसाधारण जनतासमेतमा भ्रम सिर्जना हुन सक्ने अवस्था रहने देखिँदा सुविधा र सन्तुलनको दृष्टिबाट समेत गढीमाई नाउँ राखी नगरपालिकाको नाउँबाट कार्य गर्न दिनु उपयुक्त नदेखिँदा गढीमाई नाउँ तत्काल प्रयोग नगर्नु, गर्न नदिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल साउन २३ गते रोज ६ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति

# सर्वोच्च अदालतमा कानूनी नेपाली भाषाको प्रशिक्षण कार्यक्रम सम्पन्न

अदालतबाट सम्पादन गरिने फैसला, आदेश, पत्राचार तथा प्रकाशनलगायतका काम कारवाहीहरूमा भाषिक शुद्धता र एकरूपता कायम गर्दै जाने उद्देश्यले सञ्चालन हुँदै आएको भाषिक प्रशिक्षण कार्यक्रमको सिलसिलामा सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिको आयोजनामा सर्वोच्च अदालतलगायत उपत्यकाका अदालतहरूमा कार्यरत् अधिकृत कर्मचारीहरूका लागि मिति २०७१।४।२७ र २८ गते पहिलो समूह र मिति २०७१।४।२९ र ३० गते दोस्रो समूह गरी दुई समूहमा कानूनी नेपाली भाषाको प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिका अध्यक्ष माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूले प्रमुख आतिथ्य ग्रहण गर्दै कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो ।

कार्यक्रम उद्घाटनको क्रममा आफ्नो मन्तव्य दिँदै समितिका अध्यक्ष तथा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायले शुद्ध किसिमको भाषा प्रयोगले व्यक्तिको व्यक्तित्व विकास गराउँदछ । यस प्रशिक्षणले प्रशिक्षार्थीहरूको व्यक्तित्वको विकाससँगै अदालतका फैसला तथा नजीरहरूसमेत शुद्ध, स्पष्ट र सरल हुनेछन् भन्ने अपेक्षा गरेको छु भन्नुभयो । भाषा परिवर्तनशील हुन्छ तापनि व्याकरणीय दृष्टिकोणबाट हेर्दा भाषालाई जहिले जतिबेला




कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रकाशन, सञ्चार तथा सम्पादन समितिका अध्यक्ष माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय

पनि फेरबदल गरिरहनु राम्रो होइन । भाषामा एक किसिमको स्थायित्व हुनुपर्दछ तर भाषिक परिवर्तनका समय सापेक्ष पक्षहरूमा पनि हामी त्यत्तिकै चासो राख्ने क्षमता वृद्धि गर्न र चनाखो हुन जरूरी छ । यसका साथै भाषाविद्हरूका बीचमा हुने भाषिक मतभेदबाट अलग राखी न्यायपालिकामा प्रयोग हुने भाषालाई विकास गर्दै लानु हाम्रो कर्तव्य हो । आगामी दिनमा भाषिक शुद्धताका पक्षमा अरू निख्खार आउने र प्रशिक्षणमा संलग्न अधिकृतहरूको व्यक्तित्व विकास हुनेछ भन्नुभयो ।



कार्यक्रममा मन्तव्य दिनुहुँदै प्रकाशन, सञ्चार तथा सम्पादन समितिका अध्यक्ष माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय

त्यसै गरी प्रकाशन, सञ्चार तथा सम्पादन समितिका सदस्य तथा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री दीपकराज जोशीले भाषामा समयानुकूल परिवर्तन हुँदै जाने हुँदा त्यस्ता कुरामा हामी सबै सचेत र अध्यावधिक हुन जरूरी भएकाले त्यसको एक कडीको रूपमा पनि यस तालिमलाई लिइनु राम्रो हुन्छ भन्नुभयो । तर हाम्रो अदालतले प्रयोग गर्ने भाषा पहिलेदेखि हालसम्म पनि त्यति परिवर्तन हुन सकेको छैन । भाषा जटिलताबाट सरलतातिर बग्नुपर्दछ । भाषाका आ-आफ्नै मर्यादाहरू हुन्छन् । यसमा परिचित हुन विस्मृतिमा रहेका विषयलाई झक्झक्याई स्मृतिमा ल्याउन पनि यो तालिम सहयोगीसिद्ध हुने छ । भाषाको व्याख्या पनि सर्वोच्च अदालतबाट फैसलाको रोहमा हुने हुँदा प्रशिक्षणका क्रममा प्रशिक्षार्थीको ध्यान त्यसतर्फ पनि जानुपर्दछ । फैसला लेख्दा जे भन्न खोजेको हो त्यही कुरा सबैले बुझ्ने गरी सोझो र सरल भाषामा लेखिनुपर्दछ । यो तालिमले त्यसतर्फ विशेष ध्यान दिने छ भन्ने अपेक्षा गर्दछु, उहाँले भन्नुभयो ।

प्रशिक्षण कार्यक्रमका स्रोत व्यक्ति त्रि.वि.वि.का प्राध्यापक डा.श्री कुमारप्रसाद कोइरालाले भाषा अभिव्यक्तिको माध्यम हो । न्यायमूर्तिबाट अभिव्यक्त आदेश तथा फैसलाहरूलाई लेख्य भाषाको माध्यमबाट आम नागरिकसमक्ष सम्प्रेषण भइरहेको हुन्छ । यसलाई ध्यान दिई सर्वोच्च अदालतले नेपाली भाषालाई बचाउन ठूलो भूमिका खेलेको पाएँ । सरकारका अरू निकायमा पनि यस्तो तालिम सञ्चालन भए नेपाली भाषाको लेखनमा शुद्धता हुने थियो भन्नुभयो । भाषा परिवर्तनशील हुनाले नेपाली भाषा राणाकालदेखि हालसम्म धेरै परिवर्तन भई समयानुकूल हुँदै आएको र यसै क्रमलाई प्रशिक्षणको माध्यमबाट सर्वोच्च अदालतले जीवन्तता प्रदान गरेको पाउँदा खुशी लागेको छ भन्नुभयो ।




कार्यक्रममा आफ्नो मन्तव्य दिनुहुँदै प्रकाशन, सञ्चार तथा सम्पादन समितिका सदस्य माननीय न्यायाधीश श्री दीपकराज जोशी

कार्यक्रमको प्रारम्भमा सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन शाखाका सम्पादक श्री अम्बिकाप्रसाद निरौलाले कार्यक्रममा पाल्नुहुने प्रमुख अतिथिलगायत सहभागीहरूलाई हार्दिकताका साथ स्वागत गर्दै यस कार्यक्रमलाई व्यवहारिक र फलदायीरूपले सम्पन्न गर्न सहभागी तथा प्रशिक्षकहरूलाई आह्वान गर्नु भएको थियो । स्वागत मन्तव्यकै क्रममा उहाँले भाषाले समुदायको संस्कृति र परम्पराको पहिचान दिन्छ । अझ भाषाले ऐतिहासिकताको पुष्ट्याइँ गर्ने माध्यमको भूमिका खेल्दछ । नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने भन्ने संवैधानिक र कानूनी व्यवस्था भएकोले कानूनी नेपाली भाषाको प्रयोगमा

शुद्धताको महत्त्व छ । विश्वव्यापीकरणको यस युगमा एक देशको कानूनले अर्को देशमा असर पुर्‍याएको हुन्छ । निजी अन्तराष्ट्रिय कानूनको कार्यान्वयन, अन्तराष्ट्रिय सङ्घ संगठनहरूका काम कारवाहीहरू, अन्तराष्ट्रिय व्यापार, मानव अधिकारका विषयहरूमा भएका कानूनी व्यवस्था, अदालतका फैसलाहरू र काम कारवाहीहरू कुनै एक भाषामा वर्णित भए पनि भाषिकरूपमा सीमा विहीनरूपले त्यसको परिपालना हुने गर्दछ । यसबाट कानूनी नेपाली भाषामा भएका कानूनहरू, अदालतबाट भएका फैसलाहरूले नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय जगतमा समेत प्रभाव पार्दछ ।

अहिले नेपाली भाषालाई गुगल भन्ने वेबसाइटले प्रयोगको भाषा बनाएको छ । यसले नेपाली भाषा युनिकोडबाट टाइप गरी

**कार्यक्रमका सहभागीहरू**



समूह 'क'



समूह 'ख'

खोजी गर्ने व्यवस्था गरेको छ । अब विस्तारै नेपाली भाषामा नै कम्प्युटरमा विभिन्न किसिमका एप्लिकेसनहरू तयार भएका छन् । यसको विकासको गति हेर्दा नेपाली भाषामा कम्प्युटरको कार्यक्रम (Software) बन्दै जानेछन् । यसरी कानूनी र व्यापारिक हिसाबले नेपाली भाषा अब केवल नेपालको, नेपाली भाषिको भाषामात्र नभई अन्तर्राष्ट्रियकरण भएको छ । कानूनी नेपाली भाषामा तयार भएका फैसलाहरू र कानूनले अन्तर्राष्ट्रियरूपमा मान्यता राख्दछ ।

आफ्नो भाषाको शुद्ध प्रयोगले देश र सँस्कृतिको गरिमा उच्च हुन जान्छ भने शोधकर्ता अन्य भाषीहरूलाई नेपाली भाषा बुझ्न सहज हुने र भाषाको अनर्थ भई भाषान्तर हुनबाट जोगिन्छ । त्यसैले प्रस्तुत प्रशिक्षण कार्यक्रमको अत्यन्त महत्त्व भएकोले यसलाई उपलब्धिमूलक बनाउन सबैसँग अपेक्षासमेत गर्नुभयो ।

सो कार्यक्रमको सञ्चालन सर्वोच्च अदालतका शाखा अधिकृत श्री ढाकाराम पौडेलले गर्नुभएको थियो । प्रशिक्षणसत्रमा त्रि.वि.वि.का प्राध्यापक डा.कुमारप्रसाद कोइराला र काठमाडौं स्कुल अफ ल का उपप्राध्यापक श्री रामचन्द्र फुयालले नेपाली भाषाको प्रयोगसम्बन्धी विभिन्न कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो । प्रशिक्षार्थीहरूलाई व्यावहारिक र प्रयोगात्मक अभ्यास समितिका सदस्य तथा सर्वोच्च अदालतका सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सम्पादक श्री अम्बिकाप्रसाद निरौलाले सञ्चालन गर्नुभएको थियो । साथै उक्त प्रशिक्षण कार्यक्रममा देहायबमोजिमका कर्मचारीहरूको सहभागिता रहेको थियो । दुई समूहमा सञ्चालित तालिममा सर्वोच्च अदालतका २५ जना इजलास अधिकृतहरूलाई पहिलो समूहमा र दोस्रो समूहमा सर्वोच्च अदालत, पुनरावेदन अदालत पाटन, काठमाडौं जिल्ला अदालत, ललितपुर जिल्ला अदालत, भक्तपुर जिल्ला अदालत तथा विशेष अदालतका इजलास अधिकृतहरू २५ जनासमेत गरी जम्मा ५० जनालाई प्रशिक्षण दिइएको थियो ।

**पहिलो समूह (२०७१।४।२७ र २८ गते) का सहभागीहरू**

१.श्री नारायणप्रसाद शर्मा, उपरजिस्ट्रार, सर्वोच्च अदालत
२.श्री लालकाजी श्रेष्ठ,इ.अ.,सर्वोच्च अदालत
३.श्री बाबुराम सुवेदी,इ.अ.,सर्वोच्च अदालत
४.श्री अनिलकुमार शर्मा,इ.अ.,सर्वोच्च अदालत
५.श्री विष्णुप्रसाद गौतम,इ.अ.,सर्वोच्च अदालत
६.श्री दण्डपाणि लामिछाने,इ.अ.,सर्वोच्च अदालत
७.श्री उमानाथ गौतम,इ.अ.,सर्वोच्च अदालत
८.श्री सन्तोषप्रसाद पराजुली,इ.अ.,सर्वोच्च अदालत
९.श्री जगन्नाथ पौडेल,इ.अ.,सर्वोच्च अदालत
१०.श्री जवाहरप्रसाद सिंह,इ.अ.,सर्वोच्च अदालत
११.श्री किशोर घिमिरे,इ.अ.,सर्वोच्च अदालत
१२.श्री बसन्तजङ्ग थापा,इ.अ.,सर्वोच्च अदालत
१३.श्री रामप्रसाद भट्टराई,इ.अ.,सर्वोच्च अदालत
१४.श्री भीमबहादुर निरौला,इ.अ.,सर्वोच्च अदालत
१५.श्री मनोज श्रेष्ठ,इ.अ.,सर्वोच्च अदालत
१६.श्री सूर्यप्रसाद रेग्मी,इ.अ.,सर्वोच्च अदालत
१७.श्री विनोद रखाल,इ.अ.,सर्वोच्च अदालत
१८.श्री चाणकमणि अर्याल,इ.अ.,सर्वोच्च अदालत

१९.श्री कृष्णप्रसाद पौडेल,इ.अ.,सर्वोच्च अदालत
२०.श्री भद्रकाली पोखरेल,इ.अ.,सर्वोच्च अदालत
२१.श्री अशोककुमार क्षेत्री,इ.अ.,सर्वोच्च अदालत
२२.श्री चन्द्रप्रकाश तिवारी,इ.अ.,सर्वोच्च अदालत
२३.श्री प्रेमप्रसाद न्यौपाने,इ.अ.,सर्वोच्च अदालत
२४.श्री विदुर काफ्ले,इ.अ.,सर्वोच्च अदालत
२५.श्री टीकाभूषण घिमिरे,इ.अ.,सर्वोच्च अदालत

**दोस्रो समूह (२०७१।४।२९ र ३० गते) का सहभागीहरू**

१.श्री रणबहादुर कटवाल,इ.अ.,सर्वोच्च अदालत
२.श्री केशवप्रसाद घिमिरे,इ.अ.,सर्वोच्च अदालत
३.श्री गेहेन्द्रराज पन्त,इ.अ.,सर्वोच्च अदालत
४.श्री लेखबहादुर कोइराला,इ.अ., पु.वे.अ,पाटन
५.श्री दिपक धिताल,इ.अ.,पु.वे.अ,पाटन
६.श्री चिरणप्रसाद पराजुली,इ.अ.,का.जि.अ.
७.श्री राजकुमार आचार्य, इ.अ.,का.जि.अ.
८.श्री कृष्णप्रसाद अधिकारी,इ.अ.,का.जि.अ.
९.श्री अरूणकुमार कोइराला,शा.अ.,पु.वे.अ.पाटन
१०.श्री राजेन्द्र लुइटेल,शा.अ.,पु.वे.अ.पाटन
११.श्री रूद्रप्रसाद अर्याल,शा.अ.,पु.वे.अ.पाटन
१२.श्री लेखनाथ पौडेल,शा.अ.,पु.वे.अ.पाटन
१३.श्री कृतबहादुर बोहरा,शा.अ.,पु.वे.अ.पाटन
१४.श्री दिपक पोखरेल,शा.अ.,पु.वे.अ.पाटन
१५.श्री गुणराज पराजुली,शा.अ.,का.जि.अ.
१६.श्री उदयराज काफ्ले,शा.अ.,का.जि.अ.
१७.श्री नवराज दंगाल,शा.अ.,का.जि.अ.
१८.श्री मदनराज भट्टराई,शा.अ.,ल.पु.जि.अ.
१९.श्री प्रमोदकुमार खनाल,शा.अ.,ल.पु.जि.अ.
२०.श्री रामप्रसाद शर्मा,शा.अ.,ल.पु.जि.अ.
२१.श्री नेत्रबन्धु पौड्याल,शा.अ.,ल.पु.जि.अ.
२२.श्री टीकाराम आचार्य,शा.अ.,भ.पु.जि.अ.
२३.श्री फणीन्द्रराज भट्टराई,शा.अ.,भ.पु.जि.अ.
२४.श्री रामाकान्त यादव,शा.अ.विशेष अदालत
२५.श्री जीवनकुमार भण्डारी,शा.अ.विशेष अदालत

**इजलास अधिकृतहरूको लागि कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम, काठमाडौं**
(२०७१, साउन २७ र २८ गते)

**मत सर्भेक्षण**

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**
(क) सामान्य १ (ख) ठीकै ६ (ग) अत्यन्त उपयोगी १८
**२. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**
(क) छोटो भयो १० (ख) ठीक छ १० (ग) धेरै समय चाहिन्छ ५
**३. तालिमलाई छानिएका विषय कस्ता लागे ?**
(क) विषय कम भए ५ (ख) ठीकै छन् १५ (ग) अझ धेरै चाहिन्छ ५
**४. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**
(क) ३ दिने १२ (ख) ७ दिने १३ (ग) ३० दिने
**५. प्रशिक्षकहरू कस्ता लाग्नु भयो ? (आन्तरिक प्रयोजनका लागि मात्र)**
**(क) प्रा.डा.श्री कुमारप्रसाद कोइराला**
(क) सामान्य (ख) ठीक (ग) उत्तम
**(ख) उप-प्राध्यापक श्री रामचन्द्र फुयाल**
(क) सामान्य (ख) ठीक (ग) उत्तम
**६. प्रशिक्षण पद्धति कस्तो लाग्यो ?**
(क) व्यवहारिक १० (ख) औपचारिक ५ (ग) सुधारका सम्भावना छन् १०
**७. शुद्ध लेखनलाई प्रोत्साहित गर्न के गर्नुपर्ला ?**
(क) स्तर वृद्धि ८ (ख) आर्थिक पुरष्कार ६ (ग) प्रमाण पत्र प्रदान ११
**८. तालिमलाई अझ बढी राम्रो बनाउन के गर्नुपर्ला ?**
(क) भाषाको सैद्धान्तिक पक्ष भन्दा व्यवहारिक (प्रयोग) पक्षलाई जोडिदिने । १
(ख) नेपाली भाषामा भएका समय सापेक्ष परिवर्तनसँगै तालिम दिने । ३
(ग) माथिका दुवै । २१
**९. अन्य केही सुझाउ भए**

— आफूले राजेको उत्तरमा रेजा (√ ) चिन्ह लगाउने
— उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।

**काठमाडौं उपत्यकाका अदालतहरूमा कार्यरत इजलास अधिकृतहरूका लागि**
**कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम, काठमाडौं**
**(२०७१, साउन २९ र ३० गते)**

**मत सर्भेक्षण**

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**
(क) सामान्य (ख) ठीकै ५ (ग) अत्यन्त उपयोगी २०

**२. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**
(क) छोटो भयो ८ (ख) ठीक छ ५ (ग) धेरै समय चाहिन्छ १२

**३. तालिमलाई छानिएका विषय कस्ता लागे ?**
(क) विषय कम भए ४ (ख) ठीकै छन् १० (ग) अझ धेरै चाहिन्छ ११

**४. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**
(क) ३ दिने ९ (ख) ७ दिने १३ (ग) ३० दिने ३

**५. प्रशिक्षकहरू कस्ता लाग्नु भयो ? (आन्तरिक प्रयोजनका लागि मात्र)**

**(क) प्रा.डा.श्री कुमारप्रसाद कोइराला**
(क) सामान्य (ख) ठीक (ग) उत्तम

**(ख) उप-प्राध्यापक श्री रामचन्द्र फुयाल**
(क) सामान्य (ख) ठीक (ग) उत्तम

**६. प्रशिक्षण पद्धति कस्तो लाग्यो ?**
(क) व्यवहारिक १४ (ख) औपचारिक २ (ग) सुधारका सम्भावना छन् ९

**७. शुद्ध लेखनलाई प्रोत्साहित गर्न के गर्नुपर्ला ?**
(क) स्तर वृद्धि १९ (ख) आर्थिक पुरष्कार ३ (ग) प्रमाण पत्र प्रदान ३

**८. तालिमलाई अझ बढी राम्रो बनाउन के गर्नुपर्ला ?**
(क) भाषाको सैद्धान्तिक पक्ष भन्दा व्यवहारिक (प्रयोग) पक्षलाई जोडिदिने । १
(ख) नेपाली भाषामा भएका समय सापेक्ष परिवर्तनसँगै तालिम दिने । ४
(ग) माथिका दुवै । २०

**९. अन्य केही सुझाउ भए**

— आफूले राजेको उत्तरमा रेजा (√ ) चिन्ह लगाउने
— उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।